# अध्याय एक

# शोध परिचय

## १.१ विषय परिचय

'निर्वाण' उपन्यासका उपन्यासकार घनश्याम खड्का हुन् । घनश्याम खड्का समकालीन पत्रकारितामा चिनिएको नाम हो । उनी कान्तिपुर राष्ट्रिय दैनिकमा सहायक वरिष्ठ उप-सम्पादकका रूपमा कार्यरत छन् । मनोविज्ञान दर्शन र अध्यात्मका बारेमा उनका लेखहरू निक्कै छापिएका छन् । पुस्तकका रूपमा उनको निर्वाण उपन्यास दोस्रो कृति हो । तर उपन्यासको रूपमा भने पहिलो हो । त

उनले रचना गरेको बाल कविता संग्रह कोपिला (२०६३) पहिलो प्रकाशित कृति हो । उनले अतिथि नामक एल्बमको लागि पनि गीत लेखेका छन् । उनको *निर्वाण* (२०७२) उपन्यास प्रकाशित छ ।

घनश्याम खड्काले 'निर्वाण'  उपन्यासभित्र जीवन के हो ? दुःख के हो ? र दुःखबाट कसरी छुट्कारा पाउन सकिन्छ भन्ने बारेमा चर्चा गरेका छन् । उपन्यासमा लेखकले सरल शैलीमा गहन विषयवस्तु उठाएका छन् । यो उनको खुबी हो । सत्यको खोजीमा लाग्ने मानिसको चरित्र र निर्वाण प्राप्तिको यात्रालाई औपन्यासिक पात्र मार्फत् खड्काले बुझाउन खोजेका छन् ।

निर्वाणले जीवन चिन्ने दर्शनलाई बुझ्न सघाउँछ । यो उपन्यासले गह्रौ र बृहत् विषयवस्तु समातेको छ । उपन्यासको प्रमुख पात्र स्वस्फूर्त रूपमा हिँडडुल गर्ने स्वभावको भएको र पछि त्यही पात्रमा अस्थिरता र निर्वाणको खोजीमा लागेको छ । उपन्यासका पात्रहरूलाई नियति र समयले कठपुतली बनाएको छ ।

घटनाहरू घट्छन् तर ती नियतिले पहिल्यै निर्धारित गरिदिएको हुन्छ । उपन्यासको भाषा सुललित छ । नाटकीय मोडले पाठकलाई अन्त्यसम्म पनि तानिरहन्छ । केही स्थानमा लेखकले स्वैरकल्पनाको प्रयोग गरेका छन् । उपन्यासको आख्यान पढुँ पढूँ लाग्ने छ । निर्वाण उपन्यासलाई एक उत्कृष्ट उपन्यासको रूपमा लिन सकिन्छ । उपन्यास प्रेम, आनन्द र सत्यको त्रिवेणी हो । यसको मूल आधार मनोविज्ञान हो ।

सत्य र आनन्दको खोजी गर्ने सबैको लागि यो उपन्यास उपयुक्त मानिन्छ । पढ्ने पाठकले उपन्यासभित्र आफैंलाई पाउने छन् । रहस्यपूर्ण घटनाले पुस्तकलाई रोचक बनाएको छ । उपन्यास युवादेखि वृद्धसम्म सबैको लागि उपयुक्त छ । मनोविज्ञानलाई निक्कै नजिकबाट यस उपन्यासले खोतलेको छ । नेपाली उपन्यासकै क्षेत्रमा यो एउटा उत्कृष्ट उपन्यास हो ।

प्रस्तुत शोध कार्यमा 'निर्वाण' उपन्यासको शैली वैज्ञानिक अध्ययन गरिएको छ । यसको छनोट पछिल्लो उपन्यास लेखनको सशक्त कृति हुनु र समाजलाई यसले भिन्न रूपबाट विश्लेषण गर्नुमा केन्द्रित रहेको छ । अहिलेसम्म यस कृतिको विधापरक अध्ययन र अनुसन्धान भएको छ । तर यस उपन्यासको शैलैवैज्ञानि अध्ययन र अनुन्धान नभएकोले यहाँ निर्वाण उपन्यासको शैलीवैज्ञानिक अध्ययन गरिएको छ । यसको अध्ययन-विश्लेष्ण गर्ने जमर्को भएको छ । अतः यसै उपन्यासको शैली वैज्ञानिक अध्ययन विश्लेषणमा यो शोध केन्द्रित रहेको छ ।

## १.२ समस्या कथन

प्रस्तुत उपन्यासको शोधपरक अध्ययन गर्दा निम्न समस्यामा केन्द्रित भएर समस्याहरूको बारेमा अवगत गराइएको छ :

१. 'निर्वाण' उपन्यासको कथानकको प्रस्तुति के कस्तो छ ?

२. उक्त उपन्यासका पात्रलाई शैली वैज्ञानिक आधारमा के कसरी वर्गीकरण गर्न सकिन्छ ?

३. चयन, विचलन र समानान्तरताका आधारमा सो उपन्यासको विश्लेषण कसरी गर्न सकिन्छ ?

## १.३ शोधकार्यको उद्देश्य

उपन्यासकार घनश्याम खड्काद्वारा लिखित 'निर्वाण' उपन्यासको शैली-वैज्ञानिक अध्ययन निम्नलिखित उद्देश्यमा केन्द्रित रहेको छ ।

१. कथानकका आधारमा निर्वाण उपन्यासको प्रस्तुतिको विश्लेषण गर्नु ।

२. उक्त उपन्यासको पात्रलाई शैली वैज्ञानिक आधारमा वर्गीकरण गर्नु ।

३.　चयन, विचलन र समानान्तरताका आधारमा सो उपन्यासको विश्लेषण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

प्रस्तुत शोधकार्यको निमित्त तयार गरिएको औपन्यासिक कृति ‘निर्वाण’ को बारेमा अहिलेसम्म विभिन्न विद्वान्हरूले विभिन्न पत्र-पत्रिकामा प्रकाशित गरेका सामग्रीहरूलाई समयक्रम अनुसार क्रमशः दिइएको छ ।,

‘निर्वाण’ (२०७३) उपन्यासको आवरण पृष्ठमा यस उपन्यासलाई चिनारी दिने क्रममा “यो जीवन नामको तत्व के हो ? मरेपछि सकिन्छ कि निरन्तर रहिरहन्छ ? मानिस दुःखी किन छ ? यो दुःख के हो ? यसबाट छुट्कारा पाउने कुनै उपाय पनि छ कि ? दुःख नै जीवनको सत्य हो ?” भन्ने जस्ता प्रश्न गरिएको छ । साथै यस उपन्यासलाई प्रेम, आनन्द र सत्यको त्रिवेणी भन्दै यस उपन्यासको आधारभूमि मनोज्ञिवान हो भनिएको छ ।

*कान्तिपुर* (२०७३ जेठ १) पत्रिकाको शनिबारीय परिशिष्टाङ्क ‘कोसेली’ मा ‘निर्वाण’ उपन्यासको बारेमा विभिन्न वक्ताहरूले आफ्नो-आफ्नो मन्तव्य व्यक्त गरेको सूचना दिइएको छ । यसमा कल्याण श्रेष्ठले “जीवन र जगत्माथि उपन्यासकारले प्रस्तुत गरेको दृष्टिकोण ज्यादै तारिफयोग्य छ । सत्यको खोजीमा लेख्ने मानिसको चरित्र र निर्वाण प्राप्तिको यात्रालाई उपन्यासमा पात्रबाट बुझाउन सकेको” भनेको र अर्का वक्ता टीकाराम यात्रीले यस उपन्यासलाई “विशद् ज्ञान प्रस्तुत गर्दै लेखिएको उत्कृष्ट पुस्तक” भनी टिप्पणी गरेको उल्लेख गरिएको छ ।

*गोरखापत्र* (२०७३ जेठ ८) दैनिकमा प्रकाशित ‘मनोक्रान्तिमा निर्वाण चर्चा’ शीर्षक समाचार अनुसार डा. योगी विकाशानन्दले ‘निर्वाण’लाई प्रमुख विषय बनाएर लेख्नुलाई असामान्य प्रयासको संज्ञा दिएको उल्लेख गर्दै उनले “निर्वाण बुद्धले मात्र होइन हामी सामान्य वा जो कोही व्यक्तिले पनि प्राप्त गर्न सक्छौं र बुद्धले जस्तै उपन्यासले पनि उपन्यासको मार्फत निर्वाण प्राप्तिको कुरालाई सङ्केत गरेको” भनेको उल्लेख छ ।

*कान्तिपुर* (२०७३ असार १३) मा प्रकाशित समाचारको अनुसार सर्वेन्द्र खनालले “‘निर्वाण’ पढेपछि जीवनलाई कसरी सार्थक बनाउने भन्ने अन्तर्दृष्टि उपन्यासले सुन्दर शैलीमा प्रस्तुत गरेको छ र उपन्यासले हरेक उमेरको मान्छेलाई एउटा सही ज्ञान दिने हुनाले सबैले कृति पढ्नुपर्ने” भनेका छन् ।

*कान्तिपुर* (२०७३ असार २६) मा प्रकाशित 'देवदहमा निर्वाण चर्चा' समाचारमा उल्लेख भएअनुसार वनमाली निराकारले "'निर्वाण' उपन्यास नेपाली साहित्यमा नौलो प्रयोग हो । यो उपन्यासमा जीवन दर्शन बुझ्न सकिन्छ र युवा अवस्थामा नै 'निर्वाण' खोज्ने प्रेरणा उपन्यासले दिएको छ ।" भनेको उल्लेख छ ।

उमादेवी श्रेष्ठ (२०७४) ले 'निर्वाण' उपन्यासको विधापरक अध्ययन गरेकी छन् । उनले 'निर्वाण' उपन्यासको विधागत अध्ययन अन्तर्गत उपन्यासको कथानक, चरित्रचित्रण, परिवेश, भाषाशैली दृष्टिविन्दु उद्देश्य आदिको आधारमा उपन्यासको अध्ययन गरेकी छन् ।

यसरी प्रस्तुत उपन्यासका बारेमा सामान्य चर्चा भएको र यसको शोधपरक अध्ययन भए पनि शैलीवैज्ञानिक रूपमा अध्ययन नभएकाले यस शोध पत्रमा उपन्यासको शैलीवैज्ञानिक अध्ययन गरिएको छ ।

## १.५ शोध कार्यको औचित्य/सान्दर्भिकता

प्रस्तुत अनुसन्धान नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर उपाधि हासिल गर्ने प्रयोजनका लागि गरिएकाले यो पूर्णतः सोपाधिक अनुसन्धान हो । शैलीवैज्ञानिक आधारमा 'निर्वाण' उपन्यासको कथानकको आधारमा उपन्यासको विश्लेषण, शैलीवैज्ञानिक आधारमा पात्रको वर्गीकरण साथै चयन, विचलन र समानान्तरताको आधारमा विश्लेषण गरिएको छ । यो विश्लेषण सम्बन्धित क्षेत्रका शिक्षक, प्राध्यापक, विद्यार्थी तथा अन्य अध्येताका लागि पनि उपयोगी हुने देखिन्छ । यस उपन्यासलाई तथ्यपूर्ण ढङ्गले बुझ्नु बस्तुगत आधारमा कुनै उपन्यासको शैलीविज्ञानको विभिन्न पक्षहरूको व्याहवारिक उपयोग गर्ने क्षमता अभिवृद्धि गर्न मार्ग प्रशस्त गरेकोले यस अध्ययनको औचित्य र सान्दर्भिकता रहेको छ ।

'निर्वाण' उपन्यासको विभिन्न कोणबाट व्याख्या विश्लेषण भएको पाइए तापनि शैली वैज्ञानिक दृष्टिकोणबाट अध्ययन नभएको र उक्त उपन्यास आफ्नो विशिष्ट शैलीका कारण चर्चित भए पनि त्यसमा निहित शैलीको निरूपण आजसम्म नभएकाले प्रस्तुत अध्ययन विशेष गरी उपन्यासकार र पाठकहरूका निम्ति निकै फलदायी र उपयोगी बन्ने छ । समग्रमा भन्नु पर्दा यस अध्ययनमा 'निर्वाण' उपन्यासको सान्दर्भिकतालाई निम्न लिखित बुँदाबाट स्पष्ट पारिएको छ :

(क) साहित्य समाजको यथार्थ झल्काउने दर्पण भएकाले यसबाट समाजको पहिचान गरी समाजको उत्थान गर्न सहयोग पुग्छ ।

(ख) उपन्यास मात्र नभई अन्य विधालाई पनि शैली-वैज्ञानिक अध्ययन गर्ने परम्परा त्यति अघि नपुगेकोले समालोचनाको क्षेत्रमा महत्त्वपूर्ण स्थान बनाउन यस शैलीवैज्ञानिक अध्ययन सान्दर्भिक हुन्छ ।

(ग) उपन्यासको शिक्षणमा एकरूपता ल्याई व्यक्तिको सर्वत्र उन्नतिमुखी विकासमा ठोस प्रभाव पार्नका लागि शैलीवैज्ञानिक तरिका अपनाउनु आवश्यक हुन्छ ।

(घ) कुनै पनि कृतिको शैलीवैज्ञानिक ढङ्गले विश्लेषण एवम् मूल्याङ्कन गरी शिक्षण गरिएको यस्तो शिक्षण वास्तविक वैज्ञानिक, वस्तुपर र प्रभावकारी हुने हुँदा शैलीवैज्ञानिक अध्ययनको सान्दर्भिकता उच्च रहेको छ ।

## १.६ अध्ययनको सीमाङ्कन

प्रस्तुत शोधकार्य निम्न लिखित सीमा र परिधिमा रही अगाडि बढाइएको छ :

(क) प्रस्तुत शोधकार्य 'निर्वाण' उपन्यासको कथानक प्रस्तुति विश्लेषणमा सीमित रहेको छ ।

(ख) 'निर्वाण' उपन्यासको पात्रहरूलाई शैलीवैज्ञानिक आधारमा वर्गीकरण गरिएको छ ।

(ग) उक्त उपन्यासलाई चयन, विचलन र समानान्तरताका आधारमा विश्लेषण गरिएको छ ।

## १.७ सामग्री सङ्कलन तथा शोध विधि

प्रस्तुत शोधमा प्राथमिक स्रोत भन्दा बढी द्वितीयक स्रोतको उपयोग गरिएको छ । आलोच्य उपन्यास 'निर्वाण'सँग सम्बन्धित कृतिहरू, शोधपत्रहरू, यिनै विषयसँग सम्बन्धित रहेर लेखिएका लेख रचनाहरूलाई यस अध्ययनमा आफ्नो सामग्रीको रूपमा उपयोग गरिएको छ ।

प्रस्तुत अध्ययन, अनुसन्धान गुणात्मक प्रकृतिको अध्ययन भएकाले प्राथमिक तथा द्वितीयक दुबै स्रोतबाट प्राप्त सामग्रीलाई व्याख्या र विश्लेषण गरिएको छ । यसमा आवश्यकता अनुसार वर्णनात्मक तथा विश्लेषणात्मक विधिद्वारा व्याख्या गरिएको छ । चयन, विचलन र

समानान्तरताका आधारमा 'निर्वाण' उपन्यासको विश्लेषण गर्न माथि उल्लेखित विधिहरूलाई उपयोग गरी प्रस्तुत अनुसन्धान सम्पन्न गरिएको छ ।

अध्ययन अनुसन्धानका क्रममा सैद्धान्तिक पक्षमा निगमनात्मक विधिको उपयोग गरिएको छ भने सिङ्गो शोधपत्रको लेखनमा वर्णनात्मक शैली अवलम्बन गरिएको छ । साथै आवश्यकता अनुसार तुलनात्मक विधि पद्धतिको समेत उपयोग भएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई छ अध्यायमा विभक्त गरिएको छ ।

अध्याय एक : शोध परिचय

अध्याय दुई : शैलीविज्ञान **र** उपन्यासको सैद्धान्तिक स्वरूप

अध्याय तीन : *निर्वाण* उपन्यासको कथानकको विश्लेषण

अध्याय चार : *निर्वाण* उपन्यासमा चरित्रचित्रण

अध्याय पाँच : *निर्वाण* उपन्यासको भाषिक विश्लेषण

अध्याय छ : उपसंहार

# अध्याय – दुई

# शैलीविज्ञान र उपन्यासको सैद्धान्तिक स्वरूप

## २.१ शैलीविज्ञान

साहित्यमा शैलीको अध्ययन परम्परा प्राचीन कालदेखि हालसम्म चलि आएको छ । शैलीको अध्ययन आधुनिक भाषाविज्ञानको जगमा साहित्यको अध्ययन गर्ने अभिप्रेरणाबाट शैलीविज्ञानको विकास भएको देखिन्छ । पश्चिममा प्लेटो, सिसेरो, अरस्तु, डायोनिसियस, क्विन्टलियन आदिका काव्य शास्त्रीय चिन्तनमा तथा पूर्वमा भरत, दण्डी, भामह, वामन, कुन्तक, आनन्दवर्धन, क्षेमेन्द्र आदिका चिन्तनमा पनि शैलीसम्बन्धी केही चर्चा भएको पाइन्छ । तर आधुनिक युगमा शैलीविज्ञानलाई ठोस आधार प्रदान गर्ने काम सुप्रसिद्ध भाषावैज्ञानिक फर्डिनान्ड डी सस्युरले गरेका हुन् ।

सस्युरले भाषालाई ल्याङ र प्यारोल अर्थात् वाक् र बोली अभिव्यक्ति गरी दुई भागमा विभाजन गरेका थिए । त्यसैलाई आधार बनाएर उनका चेला बालीले ल्याङलाई भाषाविज्ञानको विषय र प्यारोललाई शैलीविज्ञानको रूपमा विभाजन गरे (पौडेल, २०६९ : ४२) । यसै आधारमा शैलीविज्ञान भाषाको विशिष्ट अभिव्यक्तिको विश्लेषण गर्ने विषयका रूपमा विकसित भएको देखिन्छ ।

भाषामा शैलीविज्ञान शब्दका प्रथम प्रयोक्ता चार्ल्स बाली नै हुन् । तर यिनको शैलीविज्ञानलाई साहित्यिक भाषाको अध्ययनको विषय बनाएका थिएनन् । यसरी फ्रान्सबाट सामान्य शैलीविज्ञानको सुरुवात भएको र प्राग, कोपनह्यागन हुँदै युरोपका अन्य देश र अमेरिकामा साहित्यिक शैलीविज्ञानको विकास भएको देखिन्छ । भाषा विज्ञान र साहित्य शास्त्रको सङ्गमको रूपमा रहेको शैलीविज्ञानका सम्बन्धमा प्रसिद्ध भाषाशास्त्री एवम् साहित्यशास्त्री रोमन याकोब्सनको “साहित्यप्रति बहिरा बनेका भाषा वैज्ञानिक र भाषाविज्ञानप्रति उदासीन साहित्य शास्त्री दुवै नै समान रूपमा निकै पछाडि परेका हुन्छन्” (पौडेल, २०६९ : ३५) भन्ने भनाई निकै महत्त्वपूर्ण देखिन्छ ।

### २.१.१ शैलीको परिचय

कुनै पनि कार्य वा गतिविधिको ढङ्ग, ढाँचा वा विधिलाई शैली भनिन्छ । शील धातुबाट निर्मित शैलीको अर्थ ढङ्ग, ढाँचा, परिपाटी, तरिका, रीति, मार्ग, वृत्ति आदिमध्ये कुनै पनि हुनसक्छ । संस्कृतका विभिन्न ग्रन्थमा देवता, स्वभाव, एकाग्र हुनु जस्ता अर्थमा प्रयोग गरिएको शील शब्दलाई 'ई' प्रत्यय लागेर शैली शब्द निर्माण भएको हो ।

पाश्चात्य जगत्मा ल्याटिन भाषाको लेखनी बोधक 'स्टीलस' शब्दबाट हालको स्टाइल शब्द बनेको देखिन्छ । यसको अर्थ भाषिक अभिव्यक्ति प्रकार भन्ने हुन्छ । त्यसै स्टाइल शब्दको अनुशीलन बाट 'स्टालिस्टिक' शब्द बनेको देखिन्छ र त्यसै स्टालिटिस्कको पर्यायवाची पदावलीका रूपमा 'शैलीविज्ञान' भनी व्यवहार गर्ने गरेको पाइन्छ (पौडेल, २०३९ : ३४) । वर्तमान सन्दर्भमा शैली भाषा विज्ञानको जगमा उभिएको एक अपरिहार्य तत्त्व हो ।

हाल आएर शैलीलाई विभिन्न विद्वान्हरूले विभिन्न अर्थमा चिनाउने गरेको पाइन्छ–

- वर्ण्य विषयका रूपमा
- रचना विधानका रूपमा
- रचनाकारको ढङ्गका रूपमा आदि ।

मोहनराज शर्माका अनुसार वर्ण्य विषय शैली त्यसलाई भनिन्छ, जसले सामान्य भाषाको संरचनालाई अतिक्रमण गर्छ वा गर्न सक्छ । यसरी नै रचना विधान, शैली एकभन्दा बढी भाषिक एकाइहरूको सौन्दर्य बोधक समुच्चय हो भने रचनाकार भनेको शैली कुनै रचनाकारको विशिष्ट रचना प्रकार हो ।

उपर्युक्त भनाइहरूको आधारमा के भन्न सकिन्छ भने कुनै पनि साहित्यिक शैलीको मूल आधार भाषा हो । त्यही भाषा प्रयोगको चमत्कार विशेष, प्रवृत्ति, विशेष र छनक विशेषका ढङ्ग, ढाँचा, सौन्दर्य वा कला नै शैली हो ।

शैलीका सम्बन्धमा पूर्वीय एवम् पाश्चात्य विद्वान्हरूले आ-आफ्नो मत जाहेर गरेका छन् । यसबाट पनि शैलीका बारेमा थप स्पष्ट हुन सकिन्छ । मोहनराज शर्माका अनुसार रचनाकारको त्यस्तो विशिष्ट रचना प्रकार वा अभिव्यक्तिलाई शैली भनिन्छ । जसमा भाषिक

एकाइहरूको सौन्दर्यबोधक समुच्चाय हुन्छ र भाषा एवम् विषयका दृष्टिले विचलन हुन्छ । घनश्याम नेपालका अनुसार शैली कृतिगत कथ्य होइन न त मात्र भाषिक तत्त्वहरूको समूह मात्र हो । त्यसकारण भाषिक तत्त्वहरूद्वारा कथ्यको प्रतिपादन वा प्रकाशन र प्रक्रिया नै शैली हो । मरेका अनुसार "शैली एउटा अत्यन्त व्यापक अवधारणा हो जसको वैज्ञानिक विश्लेषण भित्र साहित्य शास्त्र र सौन्दर्य शास्त्रका सम्पूर्ण मान्यताहरू स्वतः समाहित हुन आउँछन् ।" जोनाथन स्विफ्टका अनुसार "सर्वोत्तम क्रममा सर्वोत्तम शब्दको प्रयोगले नै शैलीको साँचो परिभाषा बन्दछ ।" उपर्युक्त परिभाषाहरूबाट शैलीको बारेमा थप स्पष्ट हुन सकिन्छ ।

यसरी शैली सम्बन्धी चिन्तन पूर्वीय र पाश्चात्य शास्त्रहरूमा भएको पाइए तापनि समय र विषय अनुरूप परिवर्तित र विकसित बनेको शैली सम्बन्धी आधुनिक मान्यता न त पूर्वीय शास्त्रले न त पाश्चात्य साहित्य शास्त्रले निर्दिष्ट गरेको हो । यो शैली भाषा विज्ञानको जगमा अडेको शैली हो (खत्री, २०६९ : ९) । सामान्य अर्थमा यसलाई बाह्य गतिविधिको ढङ्ग ढाँचा वा तरिकाको रूपमा बुझ्न सकिन्छ । भाषिक अर्थको अभिव्यक्तिको तरिकाका रूपमा बुझ्न सकिन्छ भने भाषा वैज्ञानिक अर्थमा विविध अभिव्यक्तिका तरिकाहरूको अध्ययन गर्ने शास्त्रको रूपमा लिन सकिन्छ ।

सर्वप्रथम शैलीको प्रयोग पश्चिममा भएको पाइए तापनि त्यो शैली र पूर्वमा प्रयोग भएको शैली दुवैमा र अहिलेको शैलीमा भिन्नता रहेको पाइन्छ । आधुनिक कालमा विषयवस्तु अनुकूल भाव अभिव्यक्ति गर्ने ढाँचा वा पद्धतिलाई नै शैली भनिन्छ ।

### २.१.२ **शैलीविज्ञानको परिचय**

भाषिक शैली वा शाब्दिक कला प्रयोगका तौर तरिकाहरूको वैज्ञानिक अध्ययन गर्ने विधिलाई नै शैलीविज्ञान भनिन्छ । साहित्य भाषा प्रयोगको विशिष्ट कला भएकाले त्यसैको व्यवस्थित र वैज्ञानिक अध्ययन गर्ने काम शैलीविज्ञानले गर्छ । यसरी भाषा विज्ञानको सहयोग लिएर कुनै पनि साहित्यिक कृतिको शैली वैज्ञानिक अध्ययन गर्ने सिद्धान्त वा समालोचना प्रणालीलाई नै शैलीविज्ञान भनिन्छ (पौडेल, २०५९ : ३४) । शैलीविज्ञानको पद्धति वास्तवमा भाषापरक र दृष्टि कलापरक हुन्छ ।

शैलीविज्ञानले साहित्यलाई भाषिक वा शाब्दिक कला मान्दछ र साहित्यिक कृतिलाई भाषिक प्रतीक वा कला प्रतीक ठान्दछ । शैलीविज्ञानमा साहित्यिक कृति विशेषको भाषाको

अध्ययन गरिने भए पनि यसलाई भाषा विज्ञानको अंग मानिँदैन बरु भाषाको प्रायोगिक रूप मानिन्छ किनभने यसमा रचनाका लागि छानिएका भाषिक एकाइहरूको विकल्पात्मक सौन्दर्यहरूको तथ्यपरक औचित्य विश्लेषण गरिन्छ ।

भाषाविज्ञानका सहायताले साहित्यका सौन्दर्योदघाटन गर्ने शैलीविज्ञानले साहित्यिक कृतिको मूर्त रूपका माध्यमबाट अमूर्त आकार (अभिव्यक्तिका माध्यमबाट कथ्य) पहिल्याउँछ । साहित्यिक कृतिको बाहिरी (रूप/अभिव्यक्ति) पक्षबाट पसेर भित्री (कथ्य/भाव) पक्षको निरूपण गर्ने शैलीविज्ञानले साहित्यिक कृतिभित्र एकीकृत रूपमा रहेका अभिव्यक्ति र कथ्यको सम्बन्ध सूत्रलाई केलाएर सौन्दर्यमूलक खोजविन गर्ने काम गर्दछ ।

साहित्यिक कृतिमा के भनिएको छ ? भन्नुभन्दा पनि कसरी भनिएको छ ? भन्ने विषयमा बढी घोत्लिने शैलीवैज्ञानिक समालोचनाले समाजको ऐनामा साहित्यलाई हेर्दैन, बरु साहित्यको ऐनामा समाजलाई हेर्छ । यसले संसारसँग सरोकार राख्दैन; कृतिभित्रको संसारलाई मात्र नियाल्छ (भण्डारी, २०७० : १८) ।

शैलीविज्ञानलाई परिभाषित गर्ने पूर्वीय एवम् पाश्चात्य विद्वान्हरूले आ-आफ्नो मत प्रस्तुत गरेको पाइन्छ ।

मोहनराज शर्माका अनुसार साहित्यिक कृतिको संरचना, बनोट आदिलाई खोतल्ने र विश्लेषणद्वारा अन्तर्निहित कला, सौन्दर्य र साहित्यिकताको उद्घाटन गर्ने भाषाविज्ञानको नवीनतम् भाषावादी सिद्धान्त नै शैलीविज्ञान हो । चार्ल्स बालीका अनुसार शैलीविज्ञानका पाठकले ती प्रभावपरक तत्त्वहरूलाई जाँच्नु पर्दछ, ती साधनहरूको अध्ययन गर्नु पर्दछ जसद्वारा भाषाले त्यसको र त्यससँग पारस्परिक सम्बन्धको अध्ययन गर्दछ र ती सम्पूर्ण अभिव्यक्ति अवस्थाको विश्लेषण गर्दछ जसका ती अंग हुन् । जे डब्लु टर्नरका अनुसार शैलीविज्ञानले साहित्यिक भाषाका विविध प्रयोगहरूको अध्ययन र विश्लेषण गर्नुका साथै विशिष्ट भाषिक प्रयोगहरूको सूक्ष्म र जटिल प्रयोगहरूको विवेचना गर्दछ । जी.एन. लीचका अनुसार साहित्यमा भाषा प्रयोगसम्बन्धी अध्ययनलाई शैलीविज्ञान भनिन्छ । घनश्याम नेपालका अनुसार भाषा विज्ञानको सहयोग लिएर साहित्यको शैलीपरक अध्ययन गर्ने विधा नै शैलीविज्ञान हो । जसको पद्धति भाषा परक र दृष्टि कला परक छ । राजेन्द्र खनालका अनुसार कुनै पनि साहित्यिक रचनाको भाषावैज्ञानिक पद्धतिबाट

गरिने विशिष्ट र सूक्ष्म विश्लेषण जुन वस्तुपरकता तथा कृति केन्द्रिततामा आधारित हुन्छ, त्यो शैलीविज्ञान हो ।

उपर्युक्त विभिन्न परिभाषाहरूको शैलीविज्ञानलाई निम्नानुसार चिनाउन सकिन्छ । भाषिक उपकरणका सहायताले साहित्यिक कृतिको वैज्ञानिक विश्लेषण गर्ने समालोचना प्रणाली जसले कृतिभित्रको संसारमा विचरण गर्दछ; त्यसलाई नै शैलीविज्ञान भनिन्छ । अतः शैलीविज्ञान साहित्यिक समालोचनाको नवीनतम् विधा हो । यसले अन्य आत्मवादी तथा प्रभावकारी समालोचना प्रणाली भन्दा वैज्ञानिक एवम् वस्तुगत आधारलाई समातेर साहित्यिक कृतिको अध्ययन विश्लेषण गर्ने भएकाले यसलाई तथ्यपरक एवम् व्यवस्थित किसिमको समालोचना प्रणाली मान्न सकिन्छ (भण्डारी, २०७० : १९) । मोहनराज शर्माले शैलीविज्ञानको एउटा हात सिद्धान्त र अर्को हात भाषा हो । भाषा सिद्धान्तद्वारा चलेको हुन्छ । उनका अनुसार एउटा असल साहित्य समालोचक बन्न भाषाविज्ञान र कलाशास्त्र दुवै विषयको विज्ञ हुनु जरुरी देखिन्छ । शैलीविज्ञानलाई सामान्य शैलीविज्ञान र साहित्यिक शैलीविज्ञान गरी दुई क्षेत्रमा विभाजन गरेर अध्ययन गरिन्छ ।

### (क) सामान्य शैलीविज्ञान

साहित्येत्तर भाषिक अभिव्यक्तिको भाषा वैज्ञानिक अध्ययन गर्ने शैलीविज्ञानलाई सामान्य शैली विज्ञान भनिन्छ । साहित्येत्तर अभिव्यक्ति वा सङ्कथनहरूको विशिष्ट स्वरूपमा आधारित भएर यस प्रकारको अध्ययन गरिन्छ । भाषा व्यापारको प्रत्येक परिणतिलाई पनि साहित्यका रूपमा लिन सकिँदैन । त्यसैले साहित्य बाहेक ज्ञान विज्ञानका अन्य क्षेत्रमा तथा दैनिक प्रयोग व्यवहारको भाषामा प्रयुक्त शैलीको भाषा वैज्ञानिक अध्ययनलाई सामान्य शैलीविज्ञान भनिन्छ ।

सामान्य शैलीविज्ञानलाई भाषा शैलीविज्ञान पनि भनिन्छ । यसमा सामान्य भाषा वैज्ञानिक सिद्धान्तहरूबाट विकसित भाषा विश्लेषणका संरचनावादी पद्धतिहरूको उपयोग गरेर विभिन्न भाषिक कोटीहरूको सहयोगले कुनै पनि लेख, रचना वा कृति विशेषमा भाषा प्रयोगको स्थितिबारे विश्लेषण गरिन्छ (पौडेल, २०६९ : ३६) । सामान्य शैलीविज्ञानले भाषा प्रयोगका सामान्य र स्तरीय भेद स्थानीय र सामाजिक भेद आदिसँग सम्बन्धित भाषिक अभिव्यक्तिलाई आफ्नो अध्ययनको विषय बनाउँछ ।

यसर्थ भाषाका सामान्य भेद र विषयगत विशिष्टताको दृष्टिले साहित्यभन्दा भिन्न क्षेत्रका भाषिक भेद तथा उपभेदहरूको समग्र अध्ययन विश्लेषणलाई सामान्य शैलीविज्ञानले समेट्दछ । दैनिक प्रयोग व्यवहारमा आउने भाषाको मौखिक अभिव्यक्तिको शैलीको भाषिक भेदसम्बभन्धी, सामान्य सन्दर्भमा प्रयुक्त भाषाको र भाषा प्रयोगको साहित्येत्तर क्षेत्रको अध्ययन गर्ने विधाका रूपमा सामान्य शैलीविज्ञानको रूपमा लिइन्छ ।

### (ख) साहित्यिक शैलीविज्ञान

भाषाको साहित्यिक विधा अर्थात् कविता, कथा, निबन्ध, नाटक, एकाङ्की, उपन्यास, गीत, र गजल रचना वा कृति विशेषमा केन्द्रित भएर गरिने भाषा वैज्ञानिक तथा साहित्य शास्त्रीय अध्ययन विश्लेषणलाई साहित्यिक शैलीविज्ञान भनिन्छ (पौडेल, २०६९ : ३६) । साहित्य भाषाको विशिष्ट रूप हो र यसमा भाषाको कलात्मक प्रयोग हुन्छ, त्यही भाषाको विशिष्ट र कलात्मक रूपको प्रयोग हुने साहित्यिक रचनाको भाषा वैज्ञानिक अध्ययन विश्लेषण साहित्यिक शैलीविज्ञानले गर्दछ ।

साहित्यिक कृतिमा मात्र आधारित भई सम्बन्धित कृति भित्रका विविध भाषिक एकाइहरूको खोतलखातल गरेर तिनको साहित्यिक रूप सौन्दर्यसँगको सहसम्बन्ध, कलात्मक सिर्जना, प्रसङ्ग, विशिष्टीकृत प्रंक्रिया तथा सांकेतिक अर्थ वा कथ्यको समेत उद्घाटन साहित्यिक शैलीविज्ञानले गर्दछ । रचनाकारले आफ्नो रचनामा सौन्दर्य सिर्जना गर्नका लागि चयन गरेको भाषिक एकाइहरू रचनाहरूलाई विशिष्ट बनाउन अपनाएका अग्रभूमि निर्माणको उपायहरू तथा अन्य विविध कलात्मक प्रयासहरूको मिहिन अध्ययन साहित्यिक शैलीविज्ञान अन्तर्गत गरिन्छ ।

कुनै पनि साहित्यिक कृतिको आधार सामग्रीका रूपमा रहेको भाषागत बाह्य चौकोसबाट छिरेर रूप सौन्दर्यगत छन्द, लय, बिम्ब, प्रतीक, अलङ्कार, कथानक, चरित्र, परिवेश, दृष्टिबिन्दु विषयवस्तु तथा आर्थी सम्बन्ध आदि यावत पक्षहरू नियालेर त्यसभित्रको कथ्य अभिप्रायलाई वस्तुपरक ढङ्गले पाठक समक्ष प्रस्तुत गर्नु साहित्यिक शैलीविज्ञानको मूल ध्येय रहेको हुन्छ ।

अतः साहित्यिक रचनाको भाषावैज्ञानिक अध्ययन गरेर साहित्यिक भाषाको उत्कृष्टता पहिल्याउनुमा साहित्यिक शैलीविज्ञान रहेको देखिन्छ । खासमा शैली वैज्ञानिक समालोचना प्रणाली भनेर जसलाई भनिन्छ र चिनिन्छ त्यो साहित्यिक शैलीविज्ञान नै हो । कुनै साहित्यिक संरचनालाई

कलात्मक दृष्टिले भाषिक कलाका  रूपमा स्वीकार्ने यस प्रकारको अध्ययन साहित्यका सबै विधाको अध्ययन विश्लेषणमा गतिमान भएको पाइए तापनि मूलतः कविता विधाको अध्ययनमा बढी केन्द्रित भएको देखिन्छ (भण्डारी, २०७० : २१) । साहित्यिक शैलीविज्ञानलाई साहित्यको भाषावादी, साहित्यको वस्तुनिष्ट साहित्यको कृतिपरक र साहित्यिक कृति विशेषको वर्ण देखि सङ्कथन तहसम्मका सम्पूर्ण भाषिक एकाइहरूको अध्ययन गर्ने शास्त्र थप प्रस्ट्याउन  सकिन्छ ।

## २.२  उपन्यासको परिचय

आधुनिक नेपाली साहित्यका विविध विधाहरूमध्ये एक नवीन विधाका रूपमा उपन्यासलाई लिइन्छ । यसको  इतिहास अन्य विधाहरूको तुलनामा छोटो भए तापनि नेपाली साहित्यमा मात्र नभई विश्वसाहित्यमा नै एउटा स्थापित र लोकप्रिय विधाको रूपमा उपन्यास विधालाई लिइएको छ । नेपाली साहित्यको 'उपन्यास' शब्द तत्सम शब्द हो । 'अस्' धातुमा 'उप' र 'नि' उपसर्ग जोडी त्यसमा 'धञ्' प्रत्ययसमेत लागेर (उप+नि+अस्+धञ्) उपन्यास शब्दको व्युत्पत्ति भएको हो । संस्कृतमा उपन्यासले कुनै वस्तु कसैको समीपमा राख्नु भन्ने अर्थ बुझाउँछ । यसर्थ जीवन र जगत्का यथार्थ पक्षलाई समेटेर समाजका सामु विन्यस्त गर्नु नै उपन्यास हो ।

संस्कृत साहित्यमा उपन्यासलाई आनन्द गराउने अर्थका रूपमा हेरिएको छ भने गद्य आख्यानको रूपमा प्रचलित अङ्ग्रेजी साहित्यको नोबेल शब्द नेपाली साहित्यको उपन्यास शब्दको पर्यायवाची शब्दको रूपमा आएको प्रतीत हुन्छ । नोबेल शब्द इटालेली भाषाको नोविलेबाट आएको हो । इटालेलीको नोविले शब्द ल्याटिन भाषाको नोवस्, नोवलस् शब्दबाट आएको हो । अङ्ग्रेजीको यही नोबेल शब्द बंगाली, हिन्दी साहित्य हुँदै नेपाली साहित्यमा उपन्यास विधाको रूपमा विकसित हुँदै आएको देखिन्छ । प्राचीन साहित्यमा उपन्यासले कथा, कहानी, किस्सा, टिप्पणीमूलक समाचार आदि अर्थलाई बुझाए तापनि आधुनिक साहित्यमा उपन्यासले आफ्नै छुट्टै स्थान र अर्थ कायम गरेको छ । वास्तवमा उपन्यास निश्चित आयाम भएको गद्यमय आख्यान हो । जसमा मानव जीवन र जगत्को यथार्थ पक्षको सजीव चित्रण गरिएको हुन्छ । उपन्यास व्यवस्थित, श्रृङ्खलित, सङ्गठित र पूर्ण हुन्छ ।

## २.३ उपन्यासका तत्त्वहरू

साहित्यका विभिन्न विधाहरूबिचको आपसी भिन्नता छुट्याउने मुख्य आधार ती विधाका संरचनात्मक तत्त्वहरूबिचको भिन्नता हो । उपन्यास संरचनाका बारेमा समालोचकहरूबिच निकै चर्चा-परिचर्चा भएको पाइन्छ । इ. एम. फोस्टर, एडवार्ड रोजेनहाइम, मिरियम एलट, रबर्ट स्कोल्स आदि समालोचकहरूले कथावस्तु, चरित्र, सारतत्त्व, परिवेश, दृष्टिविन्दु, संवाद, भाषाशैली, कल्पना, प्रतीक, व्यङ्ग्य आदिलाई उपन्यासका संरचक तत्त्व बताएका छन् (बराल, २०५६ : २३-२४) । कृष्णचन्द्रसिंह प्रधान (२०६१) ले कथानक, चरित्र, कथोपकथन, शैली, भाषा, वातावरण र उद्देश्यलाई उपन्यास तत्त्व मानेका छन् । मोहनराज शर्मा (२०५५) ले कथानक, चरित्र, परिवेश, विषयसूत्र, भाषा, शैली, उद्देश्य र दृष्टिविन्दुलाई आख्यान तत्त्व मानेका छन् । दयाराम श्रेष्ठ ( २०३९) ले कथानक, दृष्टिकोण, सारवस्तु परिवेश, गति, प्रतीक र विम्ब, भावपरिमण्डल, पात्र र रूपविन्यासलाई, राजेन्द्र सुवेदी (२०५३) ले कथावस्तु, चरित्र, कथोपकथन, द्वन्द्व, परिवेश, विचार र कुतुहलतालाई, ऋषिराज बराल (२०५६) ले कथानक चरित्र, विचार तथा सारतत्त्व, दृष्टिविन्दु, भाषा, प्रतीक र बिम्ब, परिवेश, लय र गतिलाई उपन्यासका तत्त्व मानेका छन् । यी तत्त्वमध्ये उनले कथानक, चरित्र, विचार, दृष्टिविन्दु, भाषाशैली र परिवेशलाई प्रमुख तत्त्व मानेका छन् । प्रतापचन्द्र प्रधान (२०४०) ले कथानक वा कथावस्तु, पात्र वा चरित्र, वातावरण वा परिवेश, संवाद वा कथोपकथन, भाषाशैली तथा उद्देश्यलाई उपन्यासका खासखास तत्त्व भनेका छन् (सुवेदी, २०६८ : ५०) । यस प्रकार समालोचकहरूले उपन्यासका विभिन्न तत्त्व बताए पनि यस शोधमा कथानक, चरित्र, परिवेश, भाषाशैली, दृष्टिविन्दु र उद्देश्यलाई प्रमुख तत्त्वका रूपमा निर्धारण गरिएको छ ।

### २.३.१ कथानक

उपन्यासमा घटनावलीको योजना अथवा ढाँचालाई कथानक भनिन्छ । कालक्रमिक रूपमा आउने घटनाको शृङ्खला घटनावली हो र घटनाहरूको कार्यकारण शृङ्खला चाहिँ कथानक हो ( शर्मा, २०५५ : ३८४-३८६) । कथानक विभिन्न घटनाबाट निर्माण भएका हुन्छन् । कथानकलाई कथावस्तु पनि भनिएको पाइन्छ । कथानकमा आउने घटनाहरू कार्य, कारण शृङखलामा आएका हुन्छन् । घटनावली आफैमा कथानक होइन तर घटनावलीबाटै कथानक बन्दछ । घटनावली कथानकको कच्चा पदार्थ हो । कथानकमा घटना, विचार र पात्रहरूका बिचको अन्विति हुन्छ ( क्रेन, इ. १९५७ : ६६) । उत्सुकता र संशय जगाउने गरी व्यवस्थित घटना र चरित्रको सङ्गठन पनि कथानक हो (शर्मा, २०५५ : ३८४) ।

कथानकका बारेमा पाश्चात्य साहित्यमा एरिस्टोटल र पूर्वीय साहित्यमा भरतमुनिदेखि नै चर्चा भएको पाइन्छ । एरिस्टोटलले नाटकमा कथावस्तुको महत्त्वलाई स्थापित गरेका छन् । उनले

कथावस्तुलाई दुःखान्तको आत्मा भनेका छन् । पहिलेपहिले कथानकलाई विशेष महत्त्व दिइन्थ्यो, पछिल्ला अवधिमा यसलाई त्यति महत्त्व दिइँदैन । उपन्यास जस्ता आख्यानात्मक रचनामा कथानकको भूमिकालाई महत्त्व दिने र महत्त्व नदिने दुवै थरी साहित्य चिन्तकहरू देखापरेका छन् । बेसिल होगार्थ, एम. बोल्टन, इ. एम. फोस्टर आदि चिन्तकहरूले आख्यान साहित्यमा कथानकको महत्त्वलाई जोड दिएका छन् । ड्राइडन, ब्यानब्रफ, फ्रान्सिस भिभियन आदि चिन्तकहरूले यसलाई महत्त्व दिएका छैनन् (शर्मा, २०५५ : ३८४-३८५) । पछिल्लो समयमा कथानकलाई कम महत्त्व दिइन्छ । यसलाई पहिलेपहिले कथा, उपन्यासजस्ता आख्यान विधाको आत्मा ठानिन्थ्यो, पछिल्लो समयमा कथानकलाई आख्यान साहित्यको आत्मा नठानिएर आख्यानरूपी भवनको भित्तो जस्तै मानिन्छ (शर्मा, २०५५ : ३९५) ।

कथानकलाई विभिन्न आधारमा वर्गीकरण गरिएको पाइन्छ । पूर्वीय दृष्टिकोण अनुसार कथानकलाई मुख्य (आधिकारिक) र सहायक (प्रासङ्गिक) गरी वर्गीकरण गरिएको पाइन्छ । उपन्यासका सुरुदेखि अन्त्यसम्म गएको कथानक मुख्य हुन्छ । मुख्य कथानकका उद्देश्य पूरा गर्न आउने अन्य कथानकलाई सहायक कथानक भनिन्छ । सहायक कथानक बिचबाट सुरु भएर बिचैमा टुङ्गिन पनि सक्छ र अन्त्यसम्म पुग्न पनि सक्छ । सहायक वा प्रासङ्गिक कथानकलाई पनि पताका र प्रकरी दुई भागमा बाड्न सकिन्छ । लामो समय चल्ने प्रासङ्गिक कथानकलाई पताका र थोरै समय मात्र चल्ने कथानक प्रकरी हो । यसैगरी कथानकलाई बुनोटका आधारमा सरल र संयुक्त; रूप पक्षका आधारमा घटनाप्रधान, चरित्रप्रधान, नाटकीय र इतिवृत्तात्मक; शैलीका आधारमा वर्णनात्मक, आत्मकथात्मक, पत्रात्मक, डायरी, चित्रात्मक, चेतनप्रवाह; प्रकृतिका आधारमा कमजोर कथानक र सबल कथानक; कालक्रममा आधारमा क्रमिक कथानक र क्रम नमिलेको कथानक जस्ता वर्गीकरण गरिएको पाइन्छ । यसैगरी कथानकलाई दुःखान्तक, सुखान्तक, रागात्मक र व्यङ्ग्यात्मक जस्ता वर्गीकरण पनि गरिएको पाइन्छ (सुवेदी, २०६८ : ५२) ।

## २.३.२ चरित्रचित्रण

उपन्यासमा पाइने व्यक्तिलाई चरित्र वा पात्र भनिन्छ । पात्र वा चरित्रहरू कथानकको गतिका संवाहक हुन् (बराल, २०५६ : ३२) । चरित्र वा पात्रलाई लिङ्गका आधारमा पुलिङ्ग र स्त्रीलिङ्ग, कार्यका आधारमा प्रमुख, सहायक र गौण, प्रवृत्तिका आधारमा अनुकूल र प्रतिकूल, स्वभावका आधारमा गतिशील र गतिहीन, जीवनचेतनाका आधारमा वर्गगत र व्यक्तिगत, आसन्नताका आधारमा नेपथ्य र मञ्चीय तथा आबद्धताका आधारमा बद्ध र मुक्त गरी वर्गीकरण गर्न सकिन्छ । आख्यानमा चरित्रले घटनालाई निश्चित रूप दिन्छ भने घटनाले चरित्रको चित्रण गर्छ भन्ने धारणा रहेको छ । पछिल्लो समयमा चरित्रलाई उपन्यासमा प्राण (कथानकलाई शरीर) ठान्न थालिएको छ (शर्मा, २०५५ : ३९९) ।

उपन्यासमा समाजको प्रकृतिअनुसार शारीरिक, मानसिक, आर्थिक, राजनीतिक, सामाजिक आदि रूपमा फरक फरक किसिमका मानिसहरूको प्रतिनिधित्व हुने गरी पात्रहरूको सिर्जना गरिएको देखिन्छ । उपन्यासबाट मानव जीवनका वैयक्तिक, सामाजिक, धार्मिक, नैतिक, आर्थिक, राजनीतिक, मनोवैज्ञानिक आदि सबै पक्षको उद्घाटन हुने देखिन्छ । उपन्यासमा चरित्रका माध्यमबाट मानव सभ्यताको अभिव्यक्ति हुन्छ । उपन्यासमा समाजको भव्यतर चित्रण गरिन्छ र यसमा समाज, लेखक र पाठकका बिचको सम्बन्ध उद्घाटित हुन्छ । उपन्यासले वर्तमानलाई बिर्सिएर भविष्यको कल्पना गर्न नसक्ने हुनाले उपन्यासमा वर्तमान समाजको वास्तविकताको अङ्कन भएको पाइन्छ र उपन्यास विधा वर्तमान समाजको अङ्कन गर्ने भरपर्दो माध्यम भएको छ । उपन्यासमा मान्छेका बाह्य एवम् आन्तरिक दुवै पक्षको उद्घाटन गरिएको पाइन्छ । उपन्यासका पात्रहरूको चरित्रचित्रणमा कतै बाह्य र कतै आन्तरिक पक्षमा जोड दिएको देखिन्छ । एउटै उपन्यासमा पात्रहरूका आन्तरिक तथा बाह्य दुवै पक्षको चित्रण भएको पनि पाइन्छ । यस प्रकार उपन्यासमा चरित्रचित्रण अनिवार्य र महत्त्वपूर्ण तत्त्वका रूपमा रहेको देखिन्छ (शर्मा, २०५५ : ३९९) ।

सामान्यतः चरित्रलाई यस प्रकार वर्गीकरण गर्न सकिन्छ :

### (१) लिङ्गका आधारमा

उपन्यासमा प्रयोग भएका पात्रहरूको प्राकृतिक जात छुट्याउने आधार लिङ्ग हो । यस आधारमा पात्रहरू पुलिङ्ग र स्त्रीलिङ्ग गरी दुई प्रकारका छन् ।

### (२) प्रवृत्तिका आधारमा

पात्रले प्राप्त गर्ने सत् र असत् भूमिकाका आधारमा गरिने वर्गीकरण प्रवृत्तिको आधारको वर्गीकरण हो । यस आधारमा पात्रहरू अनुकूल गरी दुई प्रकारका हुन्छन् । सकारात्मक भूमिकामा उपस्थित भई पाठकको सहानुभूति समेत प्राप्त गर्ने पात्र अनुकूल र नकारात्मक भूमिकामा उपस्थित भई पाठकको सहानुभूति प्राप्त नगर्ने पात्र प्रतिकूल अन्तर्गत पर्दछन् ।

### (३) कार्यका आधारमा

उपन्यासमा पात्रहरूले निर्वाह गरेको भूमिकाका आधारमा पात्रहरूलाई वर्गीकरण गर्ने आधार कार्य हो । यस आधारमा प्रमुख, सहायक र गौण गरी तीन प्रकारका पात्रहरू हुन्छन् । सबैभन्दा

बढी कार्य भूमिका प्राप्त गर्ने पात्र सहायक र न्यून भूमिकामा उपस्थित पात्र गौण अन्तर्गत राख्न सकिन्छ । गौण पात्र हटाइदिने हो भने पनि कथानकमा त्यति असर पर्दैन ।

(४) **स्वाभावका आधारमा**

यस आधारमा पात्रहरू गतिशील र गतिहीन हुन्छन् । प्राप्त कार्यभूमिकाका आधारमा परिस्थिति बदलिँदा पनि आधन्त उस्तै रहने पात्र गतिहीन र परिवर्तन हुने पात्र गतिशील हुन्छ । गतिशील पात्रहरू परिस्थिति अनुसार स्वभाव बदल्ने गर्दछन् ।

(५) **जीवनचेतनाका आधारमा**

यस आधारमा पात्र वर्गगत र व्यक्तिगत गरी दुई प्रकारका हुन्छन् । वर्गीय पात्रले कुनै न कुनै सामाजिक वर्गको प्रतिनिधित्व गर्छन् भने व्यक्तिगत पात्रले आफ्नो निजी स्वभाव वा वैशिष्ट्य तथा वैयक्तिकताको प्रतिनिधित्व गरी नवीन शैलीको स्वभाव खोज्दछन् ।

(६) **आसन्नताका आधारमा**

उपन्यासमा पात्रको वा आसन्नताका आधारमा बद्ध र मुक्त गरी दुई प्रकारका हुन्छन् । यदि बद्ध पात्रलाई उपन्यासबाट झिकिदिने हो भने उपन्यासको संरचना खजमजिन्छ तर मुक्त पात्रलाई झिकिदिने हो भने संरचनामा कुनै परिवर्तन आउँदैन ।

### २.३.३ परिवेश

चरित्रले कार्याव्यपार गर्ने र घटनाहरू घटित हुने वस्तुजगतलाई परिवेश भनिन्छ । परिवेशभित्र देश (स्थान), काल (समय) र वातावरण पर्दछन् । उपन्यासमा परिवेशको चित्रण पात्र र कथानकको आधारस्थलका रूपमा गरिन्छ ((शर्मा, २०५५ : ३९९)) ।

### २.३.४ दृष्टिबिन्दु

कुनै आख्यान कसको कथा हो र त्यस कथालाई भन्ने समाख्याता को हो भन्ने कुरा नै दृष्टिबिन्दु हो । दृष्टिबिन्दुले कुनै कथा कहाँ उभिएर कुन लेखकीय धरातलबाट भनिएको छ र त्यस कथालाई कहाँ उभिएर कुन धरातलबाट हेर्ने भन्ने जनाउँछ (शर्मा, २०५५ : ४१४) । सैद्धान्तिक रूपमा दृष्टिबिन्दुलाई उपन्यासको तत्त्वका रूपमा प्रतिष्ठापन गराउने चिन्तक पर्सी लुम्बुक हुन् ।

उनले उपन्यासको सबलता तथा दुर्बलता दृष्टिबिन्दुमा निर्भर हुने बताएका छन् (पोखरेल, २०६४ : ९५) ।

दृष्टिबिन्दु प्रथम पुरुष र तृतीय पुरुष गरी दुई प्रकारको हुन्छ । प्रथमपुरुष दृष्टिबिन्दुमा कथा भन्ने व्यक्ति म वा हामी हुन्छ र ऊ केन्द्रीय, गौण वा अन्य प्रकारको पात्रका रूपमा रहेर उपन्यासको कथा भन्छ । तृतीय पुरुष दृष्टिबिन्दुमा 'ऊ', 'यो' 'त्यो' वा कुनै नामका प्रयोग गरेर कथा अगाडि बढाइएको हुन्छ । यसमा कथावाचक आख्यानबाहिर रहेर पात्र र घटनाबारेमा बताउने गर्दछ । प्रथम पुरुष दृष्टिबिन्दुलाई अन्तरङ्ग प्रथम पुरुषात्मक र बहिरङ्ग प्रथम पुरुषात्मक गरी दुई प्रकारको हुन्छ । मुख्य पात्र 'म' ले आफ्नो कथा आफैँ भन्छ भने त्यो अन्तरङ्ग प्रथम पुरुषात्मक र गौण पात्रले प्रेक्षक भएर मुख्य पात्रको कथा भन्छ भने बहिरङ्ग प्रथम पुरुषात्मक हुन्छ । तृतीय पुरुष दृष्टिबिन्दुलाई सर्वज्ञ र सीमित गरी वर्गीकरण गरिएको पाइन्छ । सर्वज्ञ दृष्टिबिन्दुमा समाख्यातालाई पात्र तथा घटनाबारेमा सम्पूर्ण ज्ञान हुन्छ । सीमित दृष्टिबिन्दुमा समाख्याताले आफूलाई आख्यानको कुनै एक पात्र वा पात्रसमूहको अनुभव र विचारमा लुकाउँछ ( शर्मा, २०६६ : १६७) ।

## २.३.५ भाषाशैली

भाषा अभिव्यक्तिको माध्यम हो । भाषाले नै वाङ्मय र अन्य कलालाई छुट्ट्याउँछ । साहित्यका हरेक विधामा झैँ उपन्यासमा पनि भाषा अनिवार्य तत्त्व हो । भाषा उपन्यासमा कथावस्तुको विस्तार तथा विचारको प्रस्तुतिको माध्यमका रूपमा आउँछ । उपन्यासमा भाषाको प्रयोग निम्नलिखित दुई तरिकाबाट गरिन्छ उपन्यासकारले गरेको वर्णनमा र पात्रले बोलेको संवादमा (शर्मा, २०५५ : ४०४) ।

उपन्यासमा कथानकको विकास गर्न र घटनामा सजीवता ल्याउन संवादको प्रयोग गरिन्छ । संवादद्वारा पात्रको अन्तर्द्वन्द्वको पनि उद्घाटन हुने भएकाले पनि यसको प्रयोग गरिन्छ । साहित्यमा सर्जकको अभिव्यक्तिको तरिकालाई शैली भनिन्छ । शर्मा (२०५५ : ४०८-४१०) का अनुसार शैली अभिव्यक्तिको प्रकार हो । कस्ता शब्द र वाक्यमा कसरी रचनालाई अभिव्यक्त गरिएको छ भन्ने कुरो नै शैली हो । शैली सम्बद्ध वा अर्थसँग संश्लिष्ट भएर भाषामा रहने गर्छ । शैलीलाई काल, लेखक, तह, भाषा, प्रयोग आदिका आधारमा वर्गीकरण गर्न सकिन्छ । शैली भाषामा निहित भएकाले नै यसलाई भाषासँगै एकाकार गरी भाषाशैली भन्ने गरिएको पाइन्छ । भाषाशैली उपन्यासको अनिवार्य तत्त्व हो ।

भाषाका सहायताले स्रष्टाहरूले आफ्नाआफ्नै शैलीमा साहित्यको सिर्जना गर्छन् । उपन्यासमा वर्णनात्मक, आत्मकथात्मक, पत्रात्मक, डायरी, चित्रात्मक, चेतनाप्रवाह जस्ता विभिन्न शैली हुन्छन् ।

## २.३.६ उद्देश्य

प्रत्येक साहित्यिक रचना कुनै न कुनै प्रयोजनको पूर्तिका लागि लेखिएको हुन्छ । त्यस्तो प्रयोजनलाई उद्देश्य भनिन्छ । साहित्यको उद्देश्यका बारेमा पूर्वीय तथा पाश्चात्य चिन्तकहरूले प्रशस्त चर्चा गरेका छन् । पूर्वीय चिन्तकहरूले प्रीति, आनन्द, रसानुभूति, धर्म, अर्थ, काम, मोक्ष, शिक्षा, कृपापात्रता, देवस्तुति, व्याधिरक्षा, धनार्जन, कीर्ति वा यस आदि प्रयोजनका लागि साहित्य सिर्जना हुने बताएका छन् । पश्चिमा चिन्तकरूपले आनन्द, नीतिशिक्षा, मनोरञ्जन, कौतूहल, जिज्ञासा, हास्य, सुधार, समस्याचित्रण, राजनीतिक चित्रण, जीवनदर्शनको प्रकटीकरण, लोकहित र लोकमङ्गल, सौन्दर्यको खोजी, चरमोल्लास आदि प्रयोजनका लागि साहित्य सिर्जना हुने बताएका छन् (शर्मा, २०५५ : ४१३) ।

## २.४ नेपाली उपन्यासको विकासक्रम/परम्परा

नेपाली उपन्यासको विकासक्रमलाई प्राथमिक काल (१८२७ - १९४५), माध्यमिक काल ( १९४६ - १९९०) र आधुनिक काल (१९९१ देखि यता) गरी वर्गीकरण गरिएको पनि पाइन्छ (श्रेष्ठ र शर्मा, २०६४ : ९९) ।

नेपाली उपन्यासको विकासक्रमको प्राथमिक कालमा शक्तिवल्लभ अर्ज्यालको महाभारत विराटपर्व (१८२७), भानुदत्तको *हितोपदेश मित्रलाभ* (१८३३), शक्तिबल्लभ अर्ज्यालकै *हास्यकदम्ब* ( १८५५), भवानीदत्त पाँडेको *मुद्राराक्षस* (१८६८) अज्ञात लेखकहरूका *दशकुमार चरित्र* (१८७५), *स्वास्थानी व्रतकथा* (१८७८), *बहत्र सुधाको कथा* (१८८०-९० तिर), *सेरामपुरको बाइबल* ( १८८४), *आदि पर्व* (१८८९), *रामाश्वमेध* (१८९० पूर्व), *तन्त्राख्यान* (१८९३), *दश कुमार चरित* ( १८९३), सुन्दरानन्द बाँडाको *अध्यात्म रामायण* (१८९३), अज्ञात लेखकको *ब्रह्मकथा टीका* (१९०७) गङ्गाप्रसाद प्रधानको *नेपाली बाइबल* (१९४०) जस्ता अनुदित कृतिको रचना भएको पाइन्छ । यी कृतिहरूमध्ये बाइबल अङ्ग्रेजी भाषाबाट र अरू सबै संस्कृति भाषाबाट अनूदित कृति हुन् ।

यी कृतिहरूमा पनि *हास्यकदम्ब, मुद्राराक्षस* आदि नाटकको संरचनामा, *महाभारत विराटपर्व, रामाश्वमेध* आदि महाकाव्यको संरचनामा र *हितोपदेश मित्रलाभ, दशकुमार चरित* आदि

आख्यानको संरचनामा रहेका छन् । यी कृतिमा कथा कथन भए पनि यिनमा उपन्यासका तत्त्वहरूको अभाव रहेको छ (रेग्मी र अरू, २०६० :४) । यी कृति उपन्यासको विधागत स्वरूपमा विकास नभइसकेका आख्यानात्मक गद्य विधाका रूपमा रहेका छन् । यस कालका यी कृति नेपाली उपन्यासको पृष्ठभूमिका रूपमा रहेका छन् ।

शिवदत्त शर्माद्वारा अनूदित *वीरसिक्का* (१९४६) कृतिबाट नेपाली उपन्यासको विकास प्रक्रियामा माध्यमिक कालको थालनी वा पूर्वकाल/पृष्ठभूमिकालको दोस्रो चरण सुरु भएको मानिन्छ (श्रेष्ठ र शर्मा, २०६४ : ९९) । *वीरसिक्का* देखि *रूपमती* (१९९१) उपन्यासपूर्वको यस काल वा चरणमा *वीरसिक्का*पछि हरिहर शर्माको *भगवत् भक्तिविलासिनी* (१९४६), चिरञ्जीवी पौड्यालको *सुखार्णव* (१९५०), *प्रेमसागर* (१९५० तिर), अज्ञात लेखकको *बेताल पचीसी* (१९५२), एस.एस शर्मा (सदाशिव शर्मा) का *नरेन्द्र मोहिनी* (१९५४ पूर्व ), *बोक्सी चरित्र* (१९५९ पूर्व), *महेन्द्र प्रभा* (१९५९), *लाक्षारञ्जित स्फटिक स्तम्भ* (१९५९), *सुन्दरी भूषण* ( १९६३), नरदेव पाण्डेका *नलोपाख्यान* (१९५६), *मेरिनाचरित्र* (१९५९), गिरीशवलल्लभ जोशीका *वीरचरित्र* (लेखन १९५६, प्रकाशन १९६०), *बहादुर चरित्र* (लखेन १९५७), *प्रारब्धदर्पण* (लेखन १९६३), *आदित्यसेन चन्द्रकला,* तीर्थप्रसाद उपाध्यायको *वेदान्तसारः नयाँ उपन्यास* (१९६०), द्वारिकनाथ उपाध्यायको *यमपञ्चक प्रपञ्च* (१९६३), रामप्रसाद सत्यालको *कलावती* (१९६४), रसिकको *विलासिनी* (१९६४), विज्ञानविलास (पद्मनाम सापकोटा) का *प्रियंवदा* (१९७२), *डा. सूर्यप्रसाद* (१९७२ तिर), *बङ्गविजेता* (१९७३ तिर), पहलमानसिंह स्वाँरको *एकलाख रुपियाको चोरी* (१९७४), प्रतिमान सिंहको *महाकाल जासुस* (१९७५), शम्भुप्रसाद ढुङ्गेलका *वरलाभ* (१९७६), *प्रेमकान्ता* (१९७६), वेदनाथ आचार्यको *दयाकी भावी* (१९७९), ऋद्धिबहादुर मल्लको *शर्मिष्ठा* (१९८५), अम्बालिकादेवीको *राजपूत रमणी* ( १९८९), शिवप्रथाप थापाका *दुर्गेशनन्दिनी* (१९९०), *शकुन्तला* (१९९०) जस्ता औपन्यासिक कृति देखापरेका छन् ।

रुद्रराज पाण्डेको *रूपमती* (१९९१) उपन्यासबाट नेपाली उपन्यासको आधुनिक कालको सुरुवात भएको मानिएको छ । आधुनिक काललाई पहिलो चरण (१९९१- २०१५/०१६) र दोस्रो चरण (२०१६/१७ देखि यता) गरी दुई चरणमा विभाजन गरिएको पाइन्छ (रेग्मी र अरू, २०६० : ५) । नेपाली उपन्यासको यस चरणमा देखापरेका रुद्रराज पाण्डेका *रूपमती*का अतिरिक्त, *चप्पाकाजी* (१९९३), *प्रायश्चित* (१९९५), *प्रेम* (२००५), *हेरफेर* (२०४९), विष्णुचरण श्रेष्ठका *सुमती* (१९९१), *भीष्मप्रतिज्ञा* (१९९३), रूपनारायण सिंह (१९६४-२०१२) का *भ्रमर* (१९९३),

लैनसिंह बाङ्देल (१९८१-२०५९) का *मुलुकबाहिर* (२००४), *माइतघर* (२००६), *लङ्गडाको साथी* (२००८), *रेम्ब्रान्ट* (२०२३), अच्छा राई 'रसिक'का *लगन* (२००५), *दोभान* (२००५), डायमनशमशेर राणा (१९७५) का *वसन्ती* (२००६), *सेतोबाघ* (२०३०), *प्रतिबद्ध* (२०३४), *सत्प्रयास* (२०३८), *अनिता* (२०४३), *धनको धब्बा* (२०५१), *गृहप्रवेश* (२०५१), मुक्तिनाथ तिम्सिनाको *को अछूत ?* (२०११), मोहनबहादुर मल्लका स*मयको हुरी* (२०१५), *भुमरी* (२०१६) आदि, हृदयचन्द्रसिंह प्रधानका *स्वास्नी मान्छे* (२०११), *एकचिहान* (२०१७), लीलबहादुर क्षत्रीका *बसाइँ* (२०१४), *अतृप्त* (२०२६), *ब्रह्मपुत्रका छेउछाउ* (२०४४), शिवकुमार राईको *डाक बङ्गला* (२०१४), लीलाध्वज थापाका *मन* (२०१५), *शान्ति* (२०१५), *पूर्वस्मृति* (२०१६), गोविन्दबहादुर मल्ल गोठालेका *पल्लो घरको झ्याल* (२०१६), *अर्पणा* (२०५३), *पियानानी* (२०५६), दौलतविक्रम विष्ट (१९८३-२०५९) का *मञ्जरी* (२०१६), *एक पालुवा अनेकौँ याम* (२०२६), *चपाइएका अनुहार* (२०३०), *बिग्रिएको बाटो* (२०३३), *थाकेको आकाश* (२०३४), *भोक भित्ताहरू* (२०३८), *ज्योति ज्योति महाज्योति* (२०४५), *हिमाल र मान्छे* (२०४५), *फाँसी फन्दामा* (२०५३), आदि उपन्यास प्रकाशित छन् ।

नेपाली उपन्यासको आधुनिक कालको दोस्रो चरण वि. सं. २०१६/१७ बाट सुरु भएको मानिन्छ । यसक्रममा शङ्कर कोइरालाका (१९८७ - २०५४ ) का *खैरिनी घाट* (२०१८), *कौशीको फर्सी* (२०२०) आदि, विजय मल्लका *अनुराधा* (२०१८), *कुमारी शोभा* (२०३९), तुलसीराम कुँवरका *रने* (२०१८), *जीवन* (२०२०) आदि असित राईका *वसन्त राग* (२०२०), *जिन्दगीको सङ्घर्ष अस्तित्वको खोज* (२०२३) आदि, इन्द्रबहादुर राईको *आज रमिता छ,* (२०२१), धुस्वाँ सायमीका *गंकी* (२०२१), *अग्निगर्भ* (२०४२), *खरानीको बस्ती* (२०४६), *दीपा* (२०४६), प्रकाश कोविदका *सीमा* (२०२१), *सङ्गम* (२०२१), *अर्को जन्म* (२०२५) आद, पारिजातका *शिरीषको फूल* (२०२२), *महत्ताहीन* (२०२५), *बैंसको मान्छे* (२०२९), *तोरीबारी बाटा र सपनाहरू* (२०३२), *पर्खालभित्र र बाहिर* (२०३५), *उसले रोजेको बाटो* (२०३५) *अनिदो पहाडसँगै* (२०३९), *परिभाषित आँखाहरू* (२०४६), *बोनी* (२०४८), युधिर थापाका *जिन्दगी* (२०२२), *फेरि कहिले भेट होला* (२०२२) आदि, चेतन कार्कीको *आत्मा बेचेको छैन* (२०२३) आदि, परशु प्रधानको *सबै बिर्सएका अनुहारहरू* (२०२४), *सीताहरू* (२०६४), तारानाथ शर्माका *ओझेल पर्दा* (२०२३), *मेरो कथा* (२०२३), *सुली* (२०३०), *झझल्को* (२०४५), ध्रुवचन्द्र गौतमका *अन्त्यपछि* (२०२४), *बालुवामाथि* (२०२८), *डापी* (२०३३), *कट्टेलसरको चोट-पटक* (२०३७), *निमित्त नायक* (२०४३), *उपसंहार अर्थात्*

*चौथो अन्त्य* (२०४८), *अग्निदत्त + अग्निदत्त* (२०५४) आदि, विश्वेश्वरप्रसाद कोइरालाका *तिन घुम्ती* (२०२५), *नरेन्द्र दाइ* (२०२६), *सुम्निमा* (२०२७), *मोदिआइन* (२०३६), *हिटलर र यहुदी* ( २०४०), *बाबु, आमा र छोरा* (२०४५), डी.पी. अधिकारीका *आशमाया* (२०२५), *धरती अझै बोल्दैछ* (२०२७), *युगान्तकारी* (२०५६), गुरूप्रसाद गर्तौलाको *अन्तिम भेट* (२०२५), नकुल काजीको *सागर* (२०२५), तारणीप्रसाद कोइरालाका *सर्पदंश* (२०२५), *फालिएको सामान* (२०४६), वीरेन्द्र सुब्बाको *मूल सडकतिर* (२०२५) आदि उपन्यास प्रकाशित भएको पाइन्छ (सुवेदी, २०५८ : ) ।

यसैगरी नेपाली उपन्यासको विकास प्रक्रियामा केशवराज पिँडालीको *एकादेशकी महारानी* (२०२६), एस्. पी. आशाका *सिष्टर शोभा* (२०२६), *अभाग* (२०२७), खगेन्द्र सङ्ग्रौलाको *चेतनाको पहिलो डाँक* (२०२७), *आमाको छटपटी* (२०३४), *जुनकिरीको सङ्गीत* (२०५६), जगदीश घिमिरेका *लिलाम* (२०२७), *साबिती* (२०३२), चन्द्रप्रसाद राई (चन्द्र नेपाली) का *प्रेममाया* (२०२७), *नौ चेलीका माइती* (२०२१), *बाबरी* (२०४१), *बिहीबारे हाट* (२०४५), विनोदप्रसाद धितालका *उज्यालो हुनुअघि* (२०२८), *योजन गन्ध* (२०५२), रमेश विकलका *सुनौली* (२०३१), *अविरल बग्दछ इन्द्रावती* (२०४०), *सागर उर्लन्छ सगरमाथा छुन* (२०५२), गोविन्दराज भट्टराईका *मुग्लान* ( २०३१), *मणिपुरको चिठी* (२०३४), *सुकरातका पाइलाहरू* (२०६३), मनप्रसाद सुब्बाको *त्यो मोडसम्म पुगेको मान्छे* (२०३३),गीता केशरीका *कसिङ्गर* (२०३४), *सौगात* (२०४६), ऋषिराज बरालका *भावना* (२०३४), *कामरेड हुतराजको राजधानी प्रस्थान* (२०४८), *समरगाथा* (२०६५), वानीरा गिरीका *कारागार* (२०३५), *निर्बन्ध* (२०४४), *शब्दातीत शान्तनु* (२०५६), मदनमणि दीक्षितका *माधवी* (२०३९), *त्रिदेवी* (२०३९), *भुमिसूक्त* (२०५८), इस्मालीका *सेतो आतङ्क* ( २०३९), *जिरो माइल* (२०५६), बमप्रसाद श्रेष्ठको *रश्मि* (२०३९), राजेश्वर देवकोटाका *आवर्तन* ( २०४१), *द्वन्द्वको अवसान* (२०४२), सन्जय थापा/प्रदीप नेपालका *पूर्वतिर* (२०४३), *देउमाइको किनारमा* (२०४७), गोविन्द गिरी 'प्रेरणा' का *उत्खनन्* (२०४५), *पाखण्डपर्व* (२०५०), नयनराज पाण्डेका *विक्रमादित्य एउटा कथा सुन* (२०४५), *अतिरिक्त* (२०५०), *उलार* (२०५५), भवानीप्रसाद पाण्डे 'भास्कर' को *बन्दी आवाज* (२०४५), *हाँडीका कनिका* (२०४६), *अमर बस्ती* (२०५३), *समर्पण* (२०५७), कवितारामका *बकपत्र* (२०४६), *कमिलाको ताँती* (२०४८), भक्तबहादुर नेपालीका *छिमेकीको भूत* (२०४७), *उज्यालो गाउँ* (२०४८), सरुभक्तका *पागलबस्ती* (२०४८), *तरुनी खेती* (२०५४), *समयत्रासदी* (२०५९), *चुली* (२०६०), घनश्याम ढकालका *गाउँमा* (२०४९),

*रातो आकाश* (२०६०), आहुतीका *नयाँघर* (२०५०), *स्खलन* (२०५९), धनप्रसाद सुवेदी 'श्रमिक' को *सानो स्वार्थ भयङ्कर अपराध* (२०५२), तेजनारायण खतिवडा 'तेराख' का *अझै यहाँ उस्तै छ* (२०५३), *सर्वजा* (२०६०), नारायण ढकालका *पीत संवाद* (२०५५), *दुर्भिक्ष* (२०६०), *प्रेतकल्प* ( २०६५), कृष्ण धरावासीका *आधा बाटो* (२०५६), *शरणार्थी* (२०५६), *राधा* (२०६३), *टुँडाल* (२०६५), नारायण तिवारीको *पिताम* (२०५७), सुकुम शर्माका *सङ्घर्षशील युवाको डायरी* (२०५७), नारायण वाग्लेको *पल्पसा क्याफे* (२०६१), राजन मुकारुङको *हेत्छाकुप्पा* (२०६५), हरिहर खनालको *समयको रेखाभित्र* (२०६५), गौरा रिजालको *अघोषित द्वन्द्व* (२०६५), युग पाठकको *उर्गेनको घोडा* (२०६६) आदि उपन्यास प्रकाशित भएको पाइन्छ ।

नेपाली उपन्यासमा रहस्य-रोमाञ्चवादी, आदर्शोन्मुख यथार्थवादी, स्वच्छन्दतावादी, सामाजिक यथार्थवादी, समाजवादी यथार्थवादी वा प्रगतिवादी, ऐतिहासिक, अतियथार्थवादी, प्रकृतिवादी, मनोविश्लेषणवादी, विसङ्गतिवादी-अस्तित्ववादी, प्रयोगवादी, उत्तर आधुनिकतावादी, नारीवादी, द्वन्द्व तथा युद्ध केन्द्रित, डायोस्पेरिक, आत्म कथात्मकता, स्वैर कलपनाको प्रयोग, पर्यावरणीय चेतना जस्ता प्रवृत्ति पाइन्छन्  (कोइराला, २०६६ : १००-१०७) ।

नेपाली उपन्यासको यही परम्परामा घनश्याम खड्काको निर्वाण उपन्यास पनि प्रकाशित भएको पाइन्छ ।

# अध्याय तीन

# निर्वाण उपन्यासको कथानकको विश्लेषण

## ३.१ परिचय

घनश्याम खड्का वि.सं. २०३६ साल फागुन २९ गते तर्खगाल ५, ददिकोट भक्तपुरमा जन्मेका हुन् । घनश्याम खड्का स्वैरकल्पनात्मक प्रयोगवादी उपन्यासकार हुन् । उनले स्कूलको शिक्षा अरनिको मा.वि. बाट हासिल गरे । रत्नराज्य क्याम्पसबाट स्नातक तह वि.सं. २०५९ सालमा पूरा गरे । त्रिचन्द्र कलेजबाट वि.सं. २०६५ सालमा समाजशास्त्र अन्तर्गत स्नातकोत्तर तह सम्पन्न गरे । पेसाले पत्रकार खड्का कविता लेखनबाट आफ्नो साहित्यलाई अगाडि बढाउँदै गए र पछि उपन्यास विधामा कलम चलाउन थाले । उनले लेखेको पहिलो उपन्यास निर्वाणले उनलाई सफलताको शिखरमा पुऱ्यायो ।

घनश्याम खड्का समकालीन पत्रकारितामा चिनिएको नाम हो । उनी कान्तिपुर राष्ट्रिय दैनिकमा सहायक वरिष्ठ उपसम्पादकका रूपमा कार्यरत छन् । मनोविज्ञान, दर्शन र अध्यात्मका बारेमा उनका लेखहरू निकै पढिन्छन् । पुस्तकको रूपमा भने 'निर्वाण' उपन्यास दोस्रो कृति हो । उपन्यासको रूपमा भने 'निर्वाण' पहिलो उपन्यास हो । उनले लेखेको बाल कविता संग्रह 'कोपिला' (२०६३) मा प्रकाशित भएको हो । उनले अतिथि गौतम के.सीको एल्बम 'अतिथि' एल्बममा पनि गीतहरू लेखेका छन् ।

'निर्वाण' उपन्यास उनको पहिलो औपन्यासिक कृति हो । उनले पहिलो उपन्यासबाट नै सफलताको शिखर चुम्न सफल भएका छन् । यस उपन्यासमा जीवनलाई हेर्ने एउटा अलग दृष्टिकोण प्रस्तुत गरिएको छ । मान्छेले जीवनमा खोजी रहेको प्रश्नहरूको उत्तर यस उपन्यासले दिन खोजेको छ । उपन्यासभित्र जीवन के हो ?, मान्छे दुःखी किन हुन्छ ? जीवनको सत्य के हो ? जस्ता अनेकौं जीवन सम्बन्धी प्रश्नलाई उपन्यासभित्र उठाइएको छ । यस्ता प्रश्नको उत्तर दिने प्रयास गरिएको छ ।

आख्यानमा रोचक ढङ्गले यस्ता प्रश्नको उत्तर दिने प्रयास गरिएको छ । पात्रको भावभूमिको उपन्यासमा प्रस्तुत गरिएको छ । 'निर्वाण' उपन्यासमा प्रमुख रूपमा प्रेम, आनन्द र

सत्यको त्रिवेणीलाई प्रस्तुत गरिएको छ । उपन्यासको मुख्य आधार भनेको मनोविज्ञान हो । 'निर्वाण' ले सत्य र आनन्द खोज्ने सबैलाई खुसी बनाएको छ सनसनीपूर्ण घटनाक्रम र पात्रहरूको मिलन र विछोडले पुस्तक अत्यन्त उत्कृष्ट र पठनीय बनेको छ । 'निर्वाण' उपन्यास निकै उपयोगी र उपयुक्त पुस्तकको रूपमा आएको छ । मनोविज्ञानलाई केलाएर लेखिएको नेपाली साहित्यको एक उत्कृष्ट पुस्तकमध्ये यो पनि एक हो । प्रस्तुत अध्ययनमा कथानक, पात्र र चयन, विचलन र समानान्तरताका आधारमा 'निर्वाण' उपन्यासको विश्लेषण गरिएको छ ।

## ३.२ निर्वाण उपन्यासको कथानकको विश्लेषण

आख्यानात्मक कृतिमा घटनावलीको योजना वा कार्यव्यापारको ढाँचालाई कथानक भनिन्छ । कार्यव्यापारको योजनाबद्ध ढङ्गले पाठकमा उत्सुकता जनाउने गरी घटना र चरित्र प्रस्तुत गरिएको हुन्छ । सबै प्रकारका घटनावलीहरू कथानक हुँदैनन् । कथानक हुनलाई घटनावलीको कार्यव्यापार मिलेको हुनु पर्छ । कथानक, कालक्रमिक र व्यतिक्रमिक हुन सक्छ । रेखीय ढाँचामा सुरुबाट अन्त्यतिर बगेको कथानक कालक्रमिक हो भने अन्त्यबाट सुरु भएको पूर्व दीप्ति कथानक व्यतिक्रमिक कथानक हो ।

'निर्वाण' उपन्यासमा शीर्षक दिएर घटनावलीलाई अगाडि बढाइएको छ । 'निर्वाण' उपन्यासको कथानकलाई निम्न आधारमा विश्लेषण गर्न सकिन्छ ।

### ३.२.१ आरम्भ

आरम्भ भागमा कथानकको अवस्थामा मुख्यतः कृतिका पात्र को को हुन् ? र तिनले कुन कुन समस्या भोग्नु पर्ने छ ? त्यस कुराको चिनारी आरम्भ भागमा प्रस्तुत गरिन्छ । व्यक्ति, परिवेश र तिनको बिचमा के कस्ता द्वन्द्वहरू छन् ? त्यसको चिनारी समेत आरम्भ भागमा गरिन्छ ।

यस उपन्यासमा प्रारम्भिक चिनारीमा मुख्य पात्रको रूपमा 'म'  पात्र र नायिका मोनिका र सहनायिका श्वेताको बारेमा उल्लेख गरिएको छ । 'म' पात्र र मोनिकाको भेट हुनु र अचानक मोनिका कथाबाट हराउनु त्यसपछि सहनायिका श्वेताको उपस्थिति हुनु उपन्यासको आरम्भका रूपमा लिन सकिन्छ ।

### ३.१.२ संघर्ष विकास

कुनै आकस्मिक घटना, परिस्थितिका कारणले गर्दा एउटा नयाँ समस्या उत्पन्न हुन्छ । पात्रमा एक अर्का बिच रहेको आपसी प्रतिकुलता नै यस समस्याको पनि कारण हुन्छ । यसरी द्वन्द्वका कारणबाट जब पहिलो समस्यापूर्ण घटना हुन्छ । त्यसै घटनालाई नै संघर्ष विकासका रूपमा लिन सकिन्छ ।

यस उपन्यासमा संघर्ष विकासको रूपमा आएको घटना भनेको अचानक नायिका मोनिका हराउनु र श्वेताको आगमनले उपन्यासमा द्वन्द्व वा संघर्ष जन्माउँछ भन्ने अनुमान लगाउन सकिन्छ । मोनिकाको खोजमिा 'म' पात्र भौतारिदा भौतारीदै अचानक श्वेताको आगमनले 'म' पात्रको जीवनमा बितेको घटना र नयाँ घटनाको सुरुवात हुन्छ । श्वेता जसलाई 'म' पात्रले घरबाट कसैलाई नभनी घुम्न जाँदा भेटेको हुन्छ र श्वेताकै गाउँमा शिक्षक बनेर उनीहरूलाई पढाएको हुन्छ । 'म' पात्र कसैलाई नभनि आफ्नो घर फर्किन्छ । तर उसले जीवनमा बिर्सिसकेकी श्वेतालाई फेरी भेट्दा म पात्रको जीवन नै परिवर्तन हुन्छ । 'म' पात्रले मोनिकालाई बिर्सिन्छ । श्वेतासँग प्रेम गर्न थाल्छ । यहाँ सम्मको घटनालाई संघर्ष विकासको रूपमा लिन सकिन्छ ।

### ३.१.३ चरम

कथानक चरम अवस्थामा पुग्न प्रथम संघर्ष अवस्थापछि अन्य विभिन्न संकट अवस्था आएका हुन्छन् । सबैभन्दा निर्णयात्मक र अन्तिम घटनाले गर्दा मुख्य घटनामा कथा पुग्छ । त्यसैमा सबै घटनावली समेटिन्छ । त्यसैलाई चरम अवस्था भनिन्छ । यस उपन्यासमा श्वेताले 'म' पात्रसँग विवाह नगर्नु र संसार घुम्ने इच्छा राख्नु, यात्रामा जाँदा कसैसँग सम्पर्क नराख्ने इच्छा राख्नु, श्वेताको अनुसार नै 'म' पात्रले भनेको मान्नु । विश्व यात्राको क्रममा उनीहरू घुम्दै जाने क्रममा समुद्रमा पुगेको समयमा  जहाज दुर्घटनामा पर्नु र श्वेता समुद्रमा बेपत्ता हुनु र 'म' पात्रले देखेको, भोगेको र भोक, प्यासले तड्पिएर पनि बाँचेको र अन्तिममा मृत्यु र जीवनबिचको संघर्षमा उसले महसुस गरेको समाधिको अवस्था सम्मलाई यस उपन्यासको चरम अवस्थाको रूपमा लिन सकिन्छ ।

### ३.१.४ संघर्ष ह्रास

कथानकको यस अवस्थालाई संघर्ष वा द्वन्द्वमा शिथिलता आउने भागको रूपमा लिन सकिन्छ । उपन्यासका घटनाक्रम त्यसपछि उपसंहारतिर पुग्न थाल्छ । कार्य व्यापारहरू विस्तारै समाप्तीतिर लाग्न थाल्छ ।

यस भागमा समुद्रमा जीवन र मृत्यु बिच सङ्घर्षरत 'म' पात्रको अगाडि एउटा जहाज आइपुग्छ । उसलाई उद्धार गरिन्छ । 'म' पात्रको अगाडि मोनिकाको उपस्थिति हुन्छ । मोनिकालाई देखेर 'म' पात्र खुशी हुन्छ । कथानक विस्तारै संघर्ष ह्रासतिर जान्छ । 'म' पात्र उपचार गराएर घर फर्किन्छ । घर पुगेर देख्छ बाबुको मृत्यु भइसकेको हुन्छ । बाबुले मोक्षको बारेमा लेखेको चिठी पढ्छ र मोनिकालाई चिठी देखाउँछ । मोनिकाको गुरुको आश्रममा जान्छ । ध्यान, ज्ञानको कुरालाई बुझ्छ, आत्मिक आनन्द प्राप्त गरेको घटनालाई यस भागमा प्रस्तुत गरिएको छ । यस भागमा पुग्दा पात्रहरूले आफ्नो कार्य अनुसारको फल पाउँछन् । यस भागमा म पात्रले आफ्नो चित्त निर्मल हुँदै गएको अनुभव गर्छ र कथाको समाप्त हुन्छ । यस घटनालाई संघर्ष ह्रासको रूपमा लिन सकिन्छ ।

### ३.१.५ उपसंहार

'म' पात्र मोनिकाको गुरुको आश्रममा गएर जीवन उपयोगी ज्ञान प्राप्त गर्नु, जीवनको वास्तविक अर्थ बुझ्नु र जिन्दगीलाई उसले बोधपूर्वक आनन्दित भएर विताउन थाल्नुको घटनाहरू उपसंहारको रूपमा आएका छन् । कथा यसरी अन्तिम विन्दुमा पुग्छ । यही घटनाहरूलाई उपसंहार मान्न सकिन्छ ।

### ३.१.६ निर्वाण उपन्यासको शीर्षक विभाजन र कथावस्तु

उपन्यासको कथानक समान ढङ्गबाट अघि बढेको नहुन सक्छ । कथानक जसरी लेखिएको भए पनि समग्रमा कथानकलाई आदि, मध्ये र अन्त्यको क्रममा राख्न सकिन्छ । उपन्यासमा 'म' पात्रले कथानकलाई अगाडि बढाएको हुनाले यो उपन्यास प्रथम पुरुष शैलीमा लेखिएको छ । उपन्यासको नायक 'म' बोधी पात्र नै कथा बाचकको रूपमा आएको छ ।

रैखिक ढाँचामा लेखिएको कथानक भएको यस उपन्यासमा परिच्छेद विभाजन गरिएको छैन । यस उपन्यासमा विभिन्न शीर्षकहरू उल्लेख गरेर कथानकलाई अगाडि बढाइएको छ । उपन्यासमा भएका शीर्षकहरू यस प्रकार छन् :

## तालिका नं. १

## ...निर्वाण' उपन्यासमा भएका शीर्षकहरूको विवरण

| शीर्षक | पृष्ठदेखि | पृष्ठसम्म | जम्मा पृष्ठ संख्या |
|---|---|---|---|
| जन्मदिन | १ | ११ | ११ |
| डर | १२ | १५ | ४ |
| बोलावट | १६ | १८ | ३ |
| अत्यास | १९ | २८ | १० |
| खोज | २९ | ३३ | ५ |
| स्वप्न दर्शन | ३४ | ३६ | ३ |
| सुराक | ३७ | ४३ | ७ |
| हतार | ४४ | ४७ | ४ |
| क्लाइन्ट नम्बर तीन | ४८ | ६० | १३ |
| अप्ठेरो | ६१ | ६५ | ५ |
| खबर | ६६ | ७४ | ९ |
| दु:ख | ७५ | ८१ | ७ |
| विचार | ८२ | ८८ | ७ |

| | | | |
|---|---|---|---|
| स्मृति | ८९ | ९४ | ६ |
| अनिश्च | ९५ | ९९ | ५ |
| सकस | १०० | १०६ | ७ |
| पलायन | १०७ | ११२ | ६ |
| प्रायश्चित | ११३ | ११७ | ५ |
| दुविधा | ११८ | १२३ | ६ |
| धर्काहरू | १२४ | १२८ | ५ |
| उडान | १२९ | १३७ | ९ |
| षडयन्त्र | १३८ | १४५ | ८ |
| खुलासा | १४६ | १५० | ५ |
| निद्रा | १५१ | १५४ | ४ |
| मिठास | १५५ | १५९ | ५ |
| वेदना | १६० | १६६ | ७ |
| उत्खनन | १६७ | १७० | ४ |
| चिता | १७१ | १७८ | ८ |
| वर्षा | १७९ | १८१ | ३ |

| | | | |
|---|---|---|---|
| डोब | १८२ | १८६ | ५ |
| सर्त | १८७ | १९२ | ६ |
| बदलाव | १९३ | १९५ | ३ |
| परिनिर्माण | १९६ | २०१ | ६ |
| चमत्कार | २०२ | २०९ | ८ |
| खोज | २१० | २१३ | ४ |
| कामना | २१४ | २१६ | ४ |
| आग्रह | २१८ | २२१ | ४ |
| निराशा | २२२ | २२६ | ५ |
| बिदाइ | २२७ | २३० | ४ |
| जिज्ञासा | २३१ | २३५ | ५ |
| पुनरागमन | २३६ | २४० | ५ |
| पत्र | २४१ | २४६ | ६ |
| आश्चर्य | २४७ | २५३ | ७ |
| मौन उत्सव | २५४ | २५९ | ६ |
| समाधि | २६० | २६४ | ५ |

| | | | |
|---|---|---|---|
| प्रश्न | २६५ | २७२ | ८ |
| बोध | २७३ | २७६ | ४ |
| एउटा तस्बीर सपनाको | २७७ | २७९ | ३ |

## ३.२ निर्वाण उपन्यासको तथ्याङ्कगत कथानकको विश्लेषण

प्रस्तुत उपन्यास 'निर्वाण' ४८ शीर्षकमा विभाजित गरिएको छ । यी शीर्षकहरूको तथ्याङ्कगत विश्लेषण निम्न अनुसार गर्न सकिन्छ ।

उपन्यासको पहिलो शीर्षक ***जन्मदिन***मा 'म' पात्र र नायिका मोनिकाको चौथो भेट भएको छ । मोनिका 'म' पात्रलाई पत्तो नै नदिई वाइन् पिउँदै आफैँलाई जन्मदिनको शुभकामना दिन्छे । त्यसपछि मोनिकालाई जन्म दिनको शुभकामना 'म' पात्रले दिन्छ । ११ बजे उनीहरू त्यहाँबाट निस्कन्छन् ।

दोस्रो शीर्षक ***डर*** रहेको छ । उनीहरू रेष्टुरेन्टबाट निस्किन्छन् । मोनिकाले 'म' पात्रलाई आफ्नै घरमा बस्ने अनुरोध गर्छे । आफैँ सुतेको स्थानमा सत्न भन्छे र आफु निदाउँछे । तर 'म' पात्र यो कुरालाई सहज रूपमा लिन सक्दैन र त्यहाँबाट डरले भाग्छ अनि घर पुग्छ ।

तेस्रो शीर्षक ***बोलवट*** शीर्षक हो । यस शीर्षकमा मोनिकाले 'म' पात्रलाई भेट्न बोलाउँछे । 'म' पात्र हतार-हतार गरेर मोनिकाको घरमा जान्छ ।

चौथो शीर्षक ***अत्यास*** रहेको छ । मोनिकाको घरमा गएर 'म' पात्र आफूलाई हतार भएको भन्छ । मोनिका आफु मरेको सपना देखेको भन्छे । आफु संसारबाट हराएको कुरा गर्छे । 'म' पात्रलाई सोध्छे तिमीलाई कहिले मर्छु जस्तो लागेको छ ? आम केटीले भन्दा फरक प्रश्न गर्छे 'म' पात्र भन्छ मृत्यु अज्ञात छ । 'म' पात्र अनौठो मान्छ । यो उमेरमा त मोनिकाले प्रेम र आनन्दको कुरा गर्नु पर्ने भन्छ । मोनिका भन्छे– मृत्यु अज्ञात छ तर यो जुनसुकै बेला पनि आउन सक्छ ।

जुनसुकै क्षण अन्तिम क्षण हुन सक्छ भन्छे । 'म' पात्रले उसको कुरालाई वास्ता गर्दैन । मोनिका भन्छे खानु, सुत्नु, हिँड्नु अनि काल पर्खिएर मर्नु एउटा आत्महत्या हो । 'म' पात्र सोच्छ, मोनिकालाई डिप्रेसन भएको छ । मोनिकाले पछि भेटौँला भनि 'म' पात्रलाई जाऊ भन्छे । 'म' पात्र काम सकेर बेलुका मोनिकाको घर जान्छ तर मोनिकाको पत्तो लाग्दैन ।

पाँचौं शीर्षक ***खोज*** हो । मोनिका अचानक हराएपछि 'म' पात्रले उसलाई फेसबुक, स्काइपमा खोज्छ, पटक पटक उसको घर जान्छ । मोनिकालाई प्रेम गर्छु की गर्दिन भनेर प्रश्न गर्छ । मोनिका नभेटिंदा बेचयन हुन्छ । मोनिकाको पुरानो फेसबुक स्टाटस पढ्न थाल्छ । मृत्युको बारेमा लेखेकी हुन्छे । खोज्दै जाँदा उसको परिवार नै गुमाएको कुरा थाहा पाउँछ । मोनिकालाई सम्झेर 'म' पात्र दुःखी बन्छ ।

छैठौं शीर्षक ***स्वप्न दर्शन*** हो । मोनिकाको पत्तो लाग्दैन । 'म' पात्र उसको खोजीमा लाग्छ । तर निराशा मात्र हात लाग्छ । एक रात मोनिकालाई सपनामा देख्छ । सपनामा मोनिका उडेर बादलपारी जान्छे । मोनिकालाई बोलाउँछ तर मोनिका हराउँछे ।

सातौं शीर्षक ***सुराक*** शीर्षक हो । स्काइपमा मोनिकाको फोटोमा कसैले कमेन्ट गरेको देख्छ । खोज्दा थाहा हुन्छ जरिले गरेको । जरिन 'म' पात्रको पुरानो क्लाइन्ट हो । मोनिकाको पत्ता लाग्ने सुराक फेला परेको ठान्छ । जरिन डिप्रेसन भएर 'म' पात्रको **अफिसमा** आई उपचार गराएर निको भएको हुन्छ । 'म' पात्रले मोनिकाको पत्तो लगाउन जरिनलाई मेसेज गर्छ र भेट्न आग्रह गर्छ ।

आठौँ शीर्षक ***हतार*** हो । जरिनले फोन गर्छ । 'म' पात्रले बेलुका भेट्ने समय दिन्छ । 'म' पात्र अफिसको कामले गर्दा हतार हतार अफिसमा जान्छ ।

नवौं शीर्षक ***क्लाइन्ट नम्बर तीन*** हो । यो शीर्षक भित्र 'म' पात्र जरिनलाई बेलुका भेट्ने योजना बनाउँछ । ४ बजेतिर अफिसमा एउटा अपरिचित केटीको प्रवेश हुन्छ । 'म' पात्रले उसलाई चिन्दैक्न । केटीले परिचय दिन्छे श्वेता भनेर । श्वेता त्यही केटी हुन्छे जसको गाउँमा 'म' पात्रले १४ महिना बिताएको हुन्छ । ऊ आफ्नो १२ को परीक्षा सकाएर घरमा नभनि सुटुक्क त्यस गाउँमा विना योजना पुग्छ । श्वेताको गाउँको स्कुलमा गएर पढाउँछ ।

दसौँ शीर्षक ***अप्ठेरो*** हो । यस शीर्षकमा उसले जरीनलाई भेट्ने समय दिएको हुन्छ । श्वेता त्यस समयमा आइ पुगेकीले उसलाई अप्ठेरो पर्छ । श्वेता पनि धेरै वर्षपछि भेटिएकी हुनाले उसँग पनि कुरा गर्नु पर्ने हुन्छ र जरिनलाई पनि भेट्न  बोलाएको कारण उसलाई समय मिलाउन अप्ठेरो पर्छ ।

एघारौं शीर्षक ***खबर*** शीर्षक हो । 'म' पात्र जरिनलाई फोन गर्छ, उपयुक्त ठाउँमा भेट्न बोलाउँछ । भेट्न जाने क्रममा 'म' पात्रको दुर्घटना हुन्छ । एउटा कारले उसलाई ठक्कर दिन्छ । कारबाट एउटी केटी आएर माफी माग्छे । उपचारको सबै खर्च तिर्ने भन्छे र कार्ड दिन्छे । जरिन 'म' पात्रलाई देखेर आत्तिन्छ र उपचार गर्न अस्पताल लैजान्छ । उपचार गराएर दुवैले अस्पतालको क्यान्टिनमा खाना खान्छन् । जरिनसँग 'म' पात्रले मोनिकाको कुरा गर्दैन । सफल केसहरूको फलोअप र अपडेटको लागि हो भनेर झुठ बोल्छ । जरिनले 'म' पात्रलाई घरसम्म पुऱ्याई दिन्छ ।

बाह्रौं शीर्षक ***दुःख*** हो । दुर्घटनाको कारण 'म' पात्रले दुःखाइको अनुभव गर्छ । घरमा दुर्घटनाको बारेमा कसैलाई भन्दैन लुकाउन खोज्छ तर उस्की बहिनीले थाहा पाउँछे र घरमा नै आराम गरेर बस्न बाध्य पार्छे । आमालाई नभन्ने सर्तमा 'म' पात्र घरमा नै बस्छ । बहिनीले मोबाइल खोज्न जान्छे र बाइक पनि मर्मत गर्न दिन्छे ।

तेह्रौं शीर्षक ***विचार*** हो । यस शीर्षकमा 'म' पात्र घरमा नै बसेर अनेक विचार गर्न थाल्छ । दिनभरी घरमा बस्न उसलाई गाह्रो पर्छ । बहिनीले उसलाई खुब राम्रोसँग स्याहार गर्छे । मोबाइल हराउँछ र बहिनीले नै नयाँ सिम ल्याइदिन्छे ।

चौधौं शीर्षक ***स्मृति*** हो । यस शीर्षकमा म पात्रले श्वेतालाई सम्झिन्छ । उसको गाउँमा गएको र स्कुलमा गएर पढाएको पहिलो दिन याद गर्छ । सबैलाई पढ्न प्रेरित गरेको सम्झन्छ ।

पन्ध्रौं शीर्षक ***अनिश्चय*** हो । यस शीर्षकमा गाउँमा भएको बेला कति समयसम्म गाउँमा बस्ने हो 'म' पात्रलाई थाहा हुँदैन । अनिश्चित रूपमा दिनहरू बिताउन थाल्छ । अर्को पढाउने मान्छे पनि आउँदैन । 'म' पात्रलाई अनिश्चितताले पोल्न थाल्छ । ऊ दोधारमा पर्छ के गर्ने, के नगर्ने ? त्यहाँ कति समय बस्ने भनेर ।

सोह्रौं शीर्षक ***सकस*** हो । यस शीर्षकमा 'म' पात्र गाउँमा भएको बेलाको कुरा गरिएको छ । एक दिन शनिवार म पात्र बारीको डिलमा बसी रहेको हुन्छ । श्वेता उसको नजिक आउँछे र

भोगटेको अचार बनाउँछे। दुबैले खान्छन्। 'म' पात्र श्वेतालाई अर्कै देख्छ। उसको सौन्दर्यले गर्दा 'म' पात्रलाई सकस हुन्छ। श्वेता युवती हुँदै गएको उसले देख्छ। त्यहाँबाट निस्सासिएर खोलामा जान्छ। पौडि खेल्छ। श्वेता पनि आउँछे। ऊ पनि पौडिन्छे। 'म' पात्रलाई झन गाह्रो हुन्छ। त्यसपछि उनीहरू दुबै घर फर्किन्छन्।

सत्रौं शीर्षक ***पलायन*** हो। यस शीर्षकमा 'म' पात्र निदाउन सक्दैन। श्वेतासँग सहज व्यवहार गर्न नसक्ने ठानेर त्यहाँबाट आधा रातमा निस्किन्छ। आफ्नो घरतर्फ फकिन्छ। आमालाई कतिखेर भेटुँ जस्तो हुन्छ।

अठारौं शीर्षक ***'दुविधा'*** हो। म पात्र अफिस जान्छ। पुराना र नयाँ केशहरू आएका हुन्छन्। अफिसमा दिन भरी व्यस्त हुन्छ। एउटी अदवैशे आइमाइ आउँछे। ऊ दुविधामा देखिन्छ। उस्को कुरा सुन्छ। अरिनालाई फ्लोटेसनमा राख्न भन्छ। ९० मिनेटपछि खुसी भएर भोली आउँछु भनेर जान्छे।

उन्नाइसौं शीर्षक ***प्रायश्चित*** हो। यस शीर्षकमा पहिलेको घटनाबारे बताइएको छ। अचानक घर छाडेर हिँडेकोमा प्रायश्चित लाग्छ। घर पुग्छ, सबैले उसलाई देखेर खुसी हुन्छन्। बाबुले पनि केही भन्दैनन्। अब 'म' पात्रको इच्छा अनुसार पढ्न पाउने वातावरण बन्छ।

बिसौं शीर्षक ***धर्काहरू*** हो। श्वेताले राती फोन गरेर घरमा खाना खानको लागि भोली आउनु भनेर बोलाउँछे। 'म' पात्रलाई श्वेताले दिएको पार्सलको याद आउँछ र आधा रातमा नै पार्सल हेर्न अफिस पुग्छ। पार्सलमा 'म' पात्रको एउटा चित्र हुन्छ र त्यसमा एउटा पत्र हुन्छ। धर्काहरूले निर्माण गरेर श्वेताले उस्को चित्र बनाएकी हुन्छे।

एक्काइसौं शीर्षक ***उडान*** हो। यो शीर्षकमा म पात्र आधारातमै अफिसबाट निस्किन्छ। रातको एक बजेको हुन्छ। हिँडिरहेको बेला एउटा कार आउँछ। कार भित्रबाट एउटी केटीले बोलाउँछे। उसले चिन्दैन। पछि थाहा पाउँछ। त्यही केटी जसले 'म' पात्रलाई कारले हानेकी हुन्छे। उसले कफि पिउन आग्रह गर्छे। कारबाट ओर्लिएर दुवै हेलिकप्टर चढ्छन् र कतै हिमालतिर लाग्छन्।

बाइसौं शीर्षक ***षडयन्त्र*** हो । यस शीर्षकमा ‘म’ पात्र दिप्तीसँग कफि पिउन जान्छ । जो त्यही केटी हो ‘म’ पात्रलाई कारले ठक्कर दिने । दिप्तीले मोनिकाको बारेमा ‘म’ पात्रलाई सोध्छे । ‘म’ पात्र छक्क पर्छ तर केही थाहा नपाएझैं गर्छ । दिप्ती भन्छे मोनिकाको परिवारको मृत्यु दुर्घटनामा परेर भएको होइन भन्छे । त्यो एक षड्यन्त्र थियो भन्छे ।

तेइसौं शीर्षक ***खुलासा*** शीर्षक हो । दिप्तीले मोनिकाको परिवार प्लेन दुर्घटनामा परेर मृत्यु भएको खुलासा गर्छे । दिप्ती भन्छे राइटइन्टर नेसनल एयरवेजको मालिकले अकिनो भन्ने व्यक्तिलाई मार्नको लागि विमानको दुर्घटना गराएको र विमानको दुर्घटनामा परेर २४९ को ज्यान गएको र मोनिकाको परिवार पनि त्यही दुर्घटनामा परेको भनेर खुलाउँछे । दिप्ती भन्छे मोनिकालाई निकोलोको विरोधमा मुद्दा हाल्न भनेको उसले मानिन त्यसकारण तपाइँ उसलाई यो कुराको लागि मनाउन सक्नु हुन्छ भनेर सोध्छे । दिप्तीले ‘म’ पात्रको जानकारी केही दिन अगाडि देखि राख्दै आएको पनि भन्छे । यो कुरा थाहा पाएर दिप्ती धूर्त रहिछे भनेर ‘म’ पात्रले थाहा पाउँछ ।

चौविसौं शीर्षक ***निद्रा*** हो । दिप्तीले ‘म’ पात्रलाई घरमा पुऱ्याईदिन्छे । ‘म’ पात्रलाई निद्रा लागेको हुन्छ । बितेको केही समयको घटना ‘म’ पात्रले सम्झिन्छ । अचम्म लाग्छ । मोनिकाको बारेमा नयाँ कुरा पत्ता लागेको हुन्छ । उसको परिवारको कुरा सुनेर दुःखी बन्छ । सोच्दा सोच्दै ऊ निदाउँछ । श्वेताको फोन आउँछ र उसको घरतर्फ लाग्छ ।

पच्चिसौं शीर्षक ***मीठास*** हो । श्वेताको लागि किताब किन्छ । श्वेताको घर पुग्छ । उस्की आमालाई भेट्छ कुराकानी गर्छ । श्वेताले बनाएको चित्रहरू हेर्छ । भोगटेको अचार खान्छ, बितेको दिन सम्झिन्छ । शनिबार भएको कारण अफिस बन्द हुन्छ । ‘म’ पात्रले मीठो मानी मानी खाना खान्छ ।

छब्बिसौं शीर्षक ***वेदना*** हो । ‘म’ पात्रले श्वेतालाई बुबा खोई भनी सोध्छ । श्वेताले भित्तामा भएको बावुको फोटो देखाउँछे । अशोक बितेछन् भनेर ‘म’ पात्रले थाहा पाउँछ । ‘म’ पात्रलाई वेदनाले पोल्छ । पहिरोले बुबालाई पुऱ्यो भनी श्वेताले भन्छे । तपाई हिँडेकै भोलिपल्ट पहिरो गयो । हामी पालमा बस्यौं । गाउँनै बगायो, पढाई रोक्कियो । अर्को वर्ष एस.एल.सी.दिएँ र छात्रवृत्ति पाएर फाइन आर्ट पढ्न थालें भन्छे । केही पैसा कमाए र यहाँ आई घर किनेर आमा र म बस्न थाल्यौं भनी श्वेताले बताउँछे ।

सत्ताइसौं शीर्षक ***उत्खनन*** हो । यस शीर्षकदेखि 'म' पात्र र श्वेता एक-अर्कालाई प्रेम गर्न थाल्छन् । १० वर्षसम्म टाढा भए पनि 'म' पात्रलाई लाग्छ उनीहरू सँधै साथै थिए । श्वेताले पनि 'म' पात्रलाई पहिलेदेखि मन पराउँदै आएको भन्छे ।

अट्ठाइसौं शीर्षक ***चिता*** हो । यस शीर्षकमा श्वेताको आमालाई हृदयघाट हुन्छ । राती नै अस्पताल लगिन्छ । 'म' पात्र पनि पुग्छ । बिहान डाक्टले श्वेताको आमा मरेको खबर उनीहरूलाई दिन्छ । श्वेता रन्छे र 'म' पात्र पनि दुःखी बन्छ । दुबै मिलेर अन्तिम संस्कार गर्छन् । चिता बल्न थाल्छ । त्यही क्षण 'म' पात्रले मोनिकालाई अचानक सम्भन्छ ।

उन्नन्तिसौं शीर्षक ***वर्षा*** हो । श्वेताको आमा बितेपछि 'म' पात्रले श्वेतालाई हरपल साथ दिन्छ । श्वेताले पनि मृत्यु सम्बन्धी कुरा गर्न थाल्छे । 'म' पात्रले यो देखेर फेरी मोनिकालाई सम्भिन्छ । 'म' पात्रले श्वेतालाई धेरै माया गर्छ । श्वेता विस्तारै सामान्य बन्छे । आमाको एउटा चित्र बनाउँछे ।

तिसौं शीर्षक ***डोब*** हो । यो शीर्षकमा श्वेताले आमाको नाममा दान पुण्य गर्न चाहन्छे । 'म' पात्रले यो काम आफ्नै गाउँबाट सुरु गर भनी सल्लाह दिन्छ । अनि दुबै जना पुस्तक, कलम, कापी, खेलौना, लत्ता कपडा र खानेकुरा लिएर श्वेताको गाउँमा पुग्छन् । त्यहाँ कसैले उनीहरूलाई चिन्दैन । सम्भनाका डोबहरू मात्र बाँकी हुन्छन् । घर, गाउँ, स्कुल पहिलेका मानिस श्वेताका बाबु सबै सम्भना बनेर रहेको 'म' पात्रले देख्छ ।

एकतिसौं शीर्षक ***सर्त*** हो । गाउँबाट फर्किए पछि भने श्वेतामा केही शान्ति छाउँछ । श्वेताले 'म' पात्रसँग केही वर्ष संसार घुम्ने प्रस्ताव राख्छे । विवाह गर्नुको कुनै औचित्य नरहेको कुरा गर्छे । उसले एउटा सर्त राख्छे । संसार घुम्न जाँदा मोबाइल नबोक्ने, फेसबुक नचलाउने, कहिले कसैसँग सम्पर्क नराख्ने, संसारबाट एक किसिमले हराउने, 'म' पात्रले कम्तीमा घरमा भनेर जाने भन्छ । श्वेताले हुन्छ भन्छे । श्वेताले आफ्नो सबै सम्पत्ति बेच्छे । 'म' पात्रलाई लाग्छ श्वेताको फर्केर आउने मन छैन तर फेरि उसलाई लाग्छ फर्किए पछि मेरो घरमा नै बस्छे मेरा घर छनि भन्ने उसलाई लाग्छ । अनि दुवै बिदा मागी संसारको यात्रा गर्न निस्कन्छन् ।

बत्तिसौं शीर्षक ***बदलाव*** हो । उनीहरू संसार घुम्नमा व्यस्त हुन्छन् । एक-अर्कालाई खुब माया र साथ दिन्छन् । कहिले कुन ठाउँ, कहिले कुन ठाउँ गर्दै अलग अलग सहर गाउँ पाखा पर्वत समुद्रमा पुग्छन् । एक अर्कोलाई आत्मिक तरिकाले माया गर्छन् ।

तेत्तिसौं शीर्षक ***परिनिर्वाण*** हो । घुम्दै गर्ने क्रममा उनीहरू समुद्रको बिच भागमा पुगेका हुन्छन् । त्यही क्रममा चक्रवात आउन लागेको सूचना जहाज कर्मीले दिन्छन् । दुवैले लाइफा ज्याकेट लगाउँछन् । आँधीले उनीहरूले चढेको जहाज डबाई दिन्छ । श्वेता वेपत्ता हुन्छे । 'म' पात्र कष्ठपूर्वक पानीमा लाइफ ज्याकेटको सहाराले तैरिएर बस्छ । भोक, प्यासले शरीर गल्छ । समुद्रको छालले उसलाई कहिले यता कहिले उता पुर्‍याउँछ ।

चौंतिसौं शीर्षक ***चमत्कार*** शीर्षक हो । यो शीर्षकमा 'म' पात्र पानीमा नै तैरिएर बसेको हुन्छ । रातभरी कष्टपूर्वक समय बिताउँछ । विहान हुन्छ, घाम लाग्छ । शरीर न्यानो हुन्छ । पर कतैबाट जहाज आउँछ तर अन्तै मोडिन्छ । फेरि रात पर्छ, यसैगरी घण्टौ बित्छ विचार धेरै आउँछ, तर समय बित्दै जाँदा विचार पनि हराउँछ । आफैलाई तटस्थ रूपले निहाल्न थाल्छ । विस्तारै आँखा लोलाउन थाल्छ । सबै अबयव शिथिल हुन्छन् । श्वास रोकिएला जस्तो हुन्छ । अन्तिम क्षण आएको आभाष हुन्छ । विचारहरू बन्द हुन्छन् त्यही क्षण नाभिबाट चाँदीको चम्किलो धार जस्तो झिल्को देख्छ । झिल्को शरीरभरी सलबलाउँछ । उसलाई थाहा हुँदैन अब ऊ शरीरमा छ की झिल्कोमा । चीसो, तातो, दुःख, पीडा, खुसी, भोक, प्यासले सताउन छाड्छ । गहिरो समाधिमा गए जस्तो लाग्छ । सारा जञ्जाल तोडिए जस्तो अनुभव गर्छ । छालहरू आउँथे धकेल्थे कता कता पुर्‍याउँथे । रातभरी यो प्रक्रिया चलि रह्यो । उज्यालो भएपछि पर क्षितिजबाट केही आए जस्तो देखियो । जहाज हुन्छ । तर बोलाउने चेष्टा गर्दैन । यसमा 'म' पात्रलाई हर्ष, विस्मात केही लाग्दैन । विस्तारै जहाजबाट कोही आएर उस्लाई उद्धार गर्छन् । उसलाई एउटी युवती आएर निधारमा चुम्बन गरिदिन्छे अनि मात्र उसलाई शरीरको हेक्का हुन्छ । आँखा खोल्दा मोनिकालाई देख्छ ।

पैंतिसौं शीर्षक ***खोज*** हो । मोनिकाले 'म' पात्रको उपचार गराउँछे । उस्को स्याहार गर्छे । 'म' पात्रलाई मोनिकासँग कुरा गर्न मन लाग्छ । तर मोनिकाले उसलाई नबोल्न अनुरोध गर्छे । केही समयपछि मात्र 'म' पात्र विस्तारै निको हुन थाल्छ ।

छत्तिसौं शीर्षक ***कामना*** हो । पाँचौं दिनमा 'म' पात्र अस्पतालबाट मुक्त हुन्छ । मोनिकाले उसलाई होटलमा लग्छे । 'म' पात्र श्वेतालाई पनि आफ्नो जस्तै अवसर जुरोस् भनेर कामना गर्छ । जहाँ भए पनि सकुशल होस् भन्ने कामना गर्छ ।

सड्तीसौँ शीर्षक ***आग्रह*** हो । 'म' पात्रले मोनिका कसरी त्यहाँ आइपुगी भन्ने कुरो थाहा पाउँछ । अचानक मोनिकालाई समुद्रको यात्रा गर्न मन लागेको र त्यही समयमा जहाज डुबेको खबर आएपछि ऊ पनि उद्धार कार्यमा लागेको भन्ने कुरा थाहा हुन्छ । अनि समुद्र तटमा ध्यान गरेर बस्दा कसैले भित्रबाट बोलाएको जस्तो लागेर फेरी कोही समुद्रमा भेटिन्छ कि भनेर खोज्न हिँड्दा 'म' पात्रलाई भेटेको कुरा यस शीर्षकमा गर्छे ।

अड्तिसौँ शीर्षक ***निराशा*** हो । 'म' पात्रले फेरी एक पटक श्वेतालाई खोज्न आग्रह गर्छ र उनीहरू दुबै मिलेर समुद्रमा जहाज लिएर पुग्छन् । दिनभरी जस्तो समुद्रमा खोज्छन् तर निराश भएर साँझ फर्किन्छन् । मोनिकाले आफू कता गएको सबै कुरा बताउँछे । गुरु ज्ञानको कुरो गर्छे । आश्रममा बसेर धेरै कुरा सिकेको र मोक्ष प्राप्तीको बाटोमा हिँडेको बताउँछे ।

उनान्चालिसौँ शीर्षक ***विदाइ*** हो । मोनिकाको साथी क्यारोलिनासँग 'म' पात्रले भेट्छ । सबैले सँगै खाना खान्छन् । क्यारोलिनाले मोनिकाको गुरुलाई भेट्ने इच्छा छ भन्छे । मोनिकाले पनि निम्तो दिन्छे । मोनिका र 'म' पात्र त्यहाँबाट विदा भई आफ्नो देश फर्किन्छन् ।

चालिसौँ शीर्षक ***जिज्ञासा*** हो । जहाज उडेपछि 'म' पात्रले मोनिकासँग आफ्नो जिज्ञासा राख्छ । कसरी यति शान्त हुन सिक्यौ ? यो चार वर्ष के के गर्‍यौ भनेर प्रश्न गर्छ । मोनिकाले फुपूले गुरु गोविन्दको आश्रममा लगिदिएको र त्यहाँ पुगेर गुरुलाई भेटेको भन्छे । त्यहाँको गुरुले क्षणिक सुख खोज्नेलाई नभेट्ने भनेको तर सँधैका लागि मोक्ष मार्गमा लाग्ने व्यक्तिलाई बाटो देखाउने भने । त्यसकारण मोनिका पनि त्यही बसेर आफुलाई मोक्षको मार्गमा लगाएको कुरा गर्छे । त्यसैकारण यति शान्त र आनन्द प्राप्त गर्न सकेको भन्छे । 'म' पात्रले पनि मोनिकाको गुरुलाई भेट्ने इच्छा व्यक्त गर्छ ।

एकचालिसौँ शीर्षक ***पुनरागमन*** हो । 'म' पात्र घर पुग्छ । बगैंचा अस्तव्यस्त देख्छ, घर सुन्य हुन्छ । घरमा पुगेर आमालाई भेटेर खुब रुन्छ । आफुसँग घटेका घटना सबै कुरा आमालाई सुनाउँछ । बाबुको बारेमा सोध्छ । बाबु बितेको थाहा पाउँछ । बाबु बितेको तरिकामा 'म' पात्र अचम्म मान्छ ।

बयालिसौँ शीर्षक ***पत्र*** हो । बुबालाई सम्झिन्छ । उसको बुबाले छोराको लागि भनेर एउटा पत्र लेखेर छाडेको हुन्छ । पत्रमा लेखिएको हुन्छ । तँ आउन्जेलसम्म म हुने छैन । मनुष्य शरीर दुर्लभ छ । जीवनलाई मोक्षको बाटोमा लगाउनु । तँ जन्मजात नै साधक होस् । अब मोक्ष

प्राप्तिको लागि जीवन समर्पण गर्नु । यो जूनी निर्वाण प्राप्त गर्नमा समय लगाउनू । श्वेतासँग तेरो वियोग हुन्छ । फर्कदा एक्लै हुनेछस् । पत्रको आशय बुझ्नु भनिएको हुन्छ । 'म' पात्र फेरी रुन्छ । बुबा एक योगी हुनुहुँदो रहेछ भन्ने थाहा हुन्छ । पूजा कोठामा बसेर घण्टौ बिताउनु हुन्थ्यो । बहिनीलाई भेट्छ । श्वेता र बुबालाई गुमाएकोमा दुःखी बन्छ । मोनिकालाई भेट्छ, बुबोका पत्र देखाउँछ ।

त्रिचालिसौं शीर्षक ***आश्चर्य*** हो । मोनिकासँग गुरु गोविन्दलाई भेट्न जाने भयो । आश्रममा पुगेर शोभितालाई भेट्छन् । 'म' पात्रले गुरु खोइ भन्छ । शोभतिा नै गुरु गोविन्द हो भन्छे । गुरु अहिले स्त्री हुने अभ्यासमा लागेको र साधना गरिरहेको भन्छे । यो सुनेर 'म' पात्र आश्चर्यमा पर्छ । वातावरण शान्त लाग्छ तर उसको मनमा अने कुरा खेल्न थाल्छ ।

चौवालिसौं शीर्षक ***मौन उत्सव*** हो । भोलिपल्ट एउटा कक्षमा मोनिकाले लग्छे । त्यहाँ दुईसय जति मानिस ध्यानस्थ मुद्रामा हुन्छन् । मोनिकाले गुरु गोविन्दसँग 'म' पात्रलाई भेटाउँछे । गुरुले तिम्रो मङ्गल होस् भन्छन् । सबै प्रवचन सुन्न थाल्छन् । उनले जीवन र मृत्युसम्बन्धी प्रवचन दिन्छन् ।

पैतालिसौं शीर्षक ***समाधि*** हो । प्रवचन सकिएपछि ध्यान सुरु हुन्छ । 'म' पात्रलाई गहिरो ध्यान लाग्छ । विचार हराउँछ, शरीर हल्का हुन्छ । घण्टौं यसरी ऊ ध्यानमा बस्छ । आँखा खोल्दा रातको १ बजेको हुन्छ । ऊ त्यहाँ एक्लै हुन्छ । कोठामा फर्किन्छ । निद्रा लाग्दैन तर आनन्दित हुन्छ । ध्यान गर्दाको समाधिलाई सम्झेर ऊ आनन्दित हुन्छ । बिहान टाढा सम्म हिँड्छ । फर्किएर आउँदा मोनिकाले पर्खिराखेको देख्छ । मोनिकालाई देखेर ऊ सामान्य व्यवहार गर्छ । गुरु गोविन्दसँग भेट्ने कुरा गर्छ ।

छयालीसौं शीर्षक ***प्रश्न*** हो । सातौं दिनको साँझ 'म' पात्रले गुरु गोविन्दलाई भेट्छ । गुरुले घर र आश्रममा भेद छैन भन्छन् । निर्वाण लाभ नगरेसम्म यसको लागि प्रयास गर्नुपर्छ भन्छन् । 'म' पात्रले अनेकौं प्रश्न गुरुको समक्ष राख्छ । गुरु भन्छन्– खाँदा खान सक्नु पर्छ, सुत्दा सुत्न सक्नु पर्छ । जे गरिन्छ त्यहि कुरामा ध्यान दिनु पर्छ । अन्य विचार नआउनु नै आनन्द हो भन्छन् । 'म' पात्रले चाँदीको घोर जस्तो प्रकाश निस्किएको कुरा गर्छ । गुरु गोविन्दले चेतना हो भन्छन् । जति सुने पनि 'म' पात्रलाई गुरु गोविन्दको कुरा सुनिरहन मन लाग्छ ।

सड्चालीसौँ शीर्षक ***बोध*** हो । आश्रमबाट 'म' पात्र आनन्दित भएर फर्किन्छ । गुरु गोविन्दले भने अनुसार नै विचारलाई हेर्न थाल्छ । मोनिकाको घर जान्छ । मोनिकाले आफ्नै घरमा बस्न भन्छे । 'म' पात्र सहज रूपमा बस्न सक्छ । 'म' पात्रले फेरि अल्केमीमा काम गर्न थाल्छ । 'म' पात्रलाई विचारले बिथोल्न छोडेको छ । आफै भित्र अपूर्व आनन्द प्राप्त गर्छ । उस्को चित्त निर्मल हुँदै जान्छ । उपन्यासको कथावस्तु टुङ्गिन्छ ।

अड्चालिसौँ शीर्षक एउटा ***तस्वीर*** सपनाको हो । यस शीर्षकमा उपन्यासकारले आफ्नो भनाइहरू प्रस्तुत गरेका छन् । किताब कसरी लेखियो र कितावका बारेमा लेखकका भनाइहरू नै यस शीर्षकमा प्रस्तुत गरिएको छ । लेखकले सबैलाई आभार पनि प्रकट गरेका छन् ।

## ३.३ निष्कर्ष

सुरुदेखि अन्त्यसम्म कथा एक नासले अगाडि बढेको कारण कथानक रेखीय ढाँचामा प्रस्तुत भएको छ । यस उपन्यासमा कथानकले सहर, गाउँ र विदेशी भूमिलाई समेत प्रस्तुत गरेको छ । घटनाहरू लम्बिएर विदेशी भूमिलाई समेत समेटेको छ । जीवनमा मोक्ष प्राप्तिका लागि ध्यान साधनाको बाटोलाई अँगालेर संसारमा नै रहेर पनि जीवनको सत्य खोज्न सकिन्छ भनेर भन्न खोजिएको छ । जिन्दगीको लक्ष्य निर्वाण प्राप्ति गर्नु हो र खाने लाउने सन्तान जन्माउने र एकदिन मर्नु जीवनको उद्देश्य होइन भनेर उपन्यासमा यथार्थ ढङ्गबाट प्रस्तुत गरिएको छ । यस उपन्यासको नायकले जीवनको अन्तिम उद्देश्य निर्वाण प्राप्त गर्ने परिस्थितिहरू सिर्जना गराएर नायकलाई 'निर्वाण' को प्राप्ति, आनन्दको प्राप्ति गर्नमा नै केन्द्रित गराइएकोले यो उपन्यासको शीर्षकले सार्थकता पाएको छ । कथावाचकले जीवनको मुख्य लक्ष्य मोक्ष प्राप्तिमा जीवनलाई समर्पित गरेको घटनालाई वर्णन गरिएको छ । यस उपन्यासको 'म' पात्रले जिन्दगी मोज मज्जामा नै बिताइ रहेको हुन्छ । पछि श्वेतासँग संसार घुम्दा घुम्दै दुर्घटनामा परी मृत्यु र जीवनको बिचमा महसुस गरेको समाधीको अवस्था र मोनिकाले अपनाएको ध्यान साधनाको बाटो, बाबु जन्मसिद्ध साधक र रहेको जीवनलाई मोक्ष प्राप्तिको यात्रामा लगाउनु भन्ने सुझाव दिएको कारण 'म' पात्र जीवनलाई साधनामा लगाउँछ र आफैभित्र अपूर्व आनन्दको सागरमा डुबेर निर्वाणको यात्रामा अगाडि बढ्छ । यहि कुरालाई नै कथानकमा सिलसिलाबद्ध ढङ्गले प्रस्तुत गरिएको छ ।

त्यस्तै कथावस्तु समेटेको उपन्यासमा प्रयुक्त कथानकलाई आदि, मध्य र अन्त्यको श्रृङ्खलामा विभाजन गरेर हेर्न सकिन्छ । यस उपन्यासमा 'म' पात्र र मोनिकाको भेट हुनु,

मोनिकाले मृत्यु सम्बन्धी प्रश्न गर्नु, 'म' पात्रले ती कुरालाई हल्का रूपमा लिनु । नायिका मोनिका अचानक हराउनु र सहनायिका श्वेताको आगमन हुनु उपन्यासको आदि भाग हो ।

श्वेतालाई भेटेको गाउँमा गएको याद गर्नु, श्वेतासँग प्रेम गर्न थाल्नु, श्वेताका आमाको मृत्यु हुनु र श्वेताले पनि मृत्यु सम्बन्धी मोनिकाले जस्तै प्रश्नहरू गर्नु । श्वेतालाई सवै थरी छाडेर संसार घुम्न मन लाग्छ । 'म' पात्र र श्वेता संसार घुम्न निस्किनु । घुम्दा घुम्दै जहाज दुर्घटनामा पर्नु श्वेता समुद्रमा डुबेर बेपत्ता हुनु 'म' पात्र भोक, प्यासले तड्पिएर कष्टपूर्वक समुद्रमा बाँच्नु, जीवन र मृत्युको अन्तिम बिन्दुमा समाधिको महसुस गर्नु र कुनै जहाजले उसको उद्धार गर्नु । समाधिको अवस्थामा कसैले उसको निधारमा चुम्बन गरिदिन्छ । आँखा खोल्दा मोनिका हुन्छे । यहाँ सम्मको कथानकलाई मध्य भागको रूपमा लिन सकिन्छ ।

'म' पात्र उद्धार भएर निको भएपछि दुबै आफ्नो देश फर्किन्छन् । 'म' पात्रको बाबुको मृत्यु, 'म' पात्रलाई आफ्नो बाबुले लेखेको पत्र प्राप्त हुनु । पत्रमा मोक्ष प्राप्तिको लागि जीवन लगाउनु भनिनु । मोनिकाको गरुको आश्रममा गई ध्यान साधना गरी आनन्द प्राप्त गरी जीवन बिताउन थाल्नु सम्मको कथनाक अन्त्य भाग हो ।

'म' पात्रले आफैभित्र अपूर्व आनन्द प्राप्त गरी चित्त निर्मल हुँदै गएको कथानकको फल प्राप्ति भएको छ । कथानक विभाजन शीर्षकको आधारमा गरिएको छ ।

# अध्याय चार

# निर्वाण उपन्यासमा चरित्रचित्रण

## ४.१ परिचय

पात्रहरू बिना आख्यानात्मक कृतिको रचना गर्न सकिँदैन । आख्यानलाई गति दिनको लागि पात्रको आवश्यकता पर्छ । त्यसकारण आख्यानात्मक कृतिमा पात्रहरूको महत्त्वपूर्ण स्थान रहेको हुन्छ । निर्वाण उपन्यासमा पात्रहरू शैली वैज्ञानिक आधारमा अध्ययन विश्लेषण गरिएको छ । पात्रहरूको विश्लेषणका क्रममा पात्रको लिङ्ग, पात्रको स्भवाव, उसको कार्य, जीवन चेतना, आसन्नता र आबद्धतालाई प्रमुख आधार मानेर गरिएको छ ।

## ४.२ निर्वाण उपन्यासमा पात्रहरूको स्थिति

यस उपन्यासमा प्रमुख, सहायक र गौण गरी ३० भन्दा बढी पात्रहरू देखा परेका छन् । यस्ता पात्रहरूले उच्च, मध्यम र निम्न गरी तिनै प्रकारका वर्गको प्रतिनिधित्व गरेका छन् । यहाँ शिक्षित, अशिक्षित, बुढापाका, केटाकेटी, युवा-युवती जस्ता विविध वर्गलाई समेटेको छ । सबै पात्रको अध्ययन र वर्गीकरण गर्नु समय नभएको कारण केही प्रमुख पात्रहरूको अध्ययन र विश्लेषण गरिएको छ ।

**तालिका नं. २**

**निर्वाण उपन्यासका प्रमुख पात्रहरूको विश्लेषण**

| क्र.सं. | आधार पात्र | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवन चेतना | | आसन्न | | आबद्ध | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पु | म | प्र | स | ग | अ | प्र | ग | स्थि | व | व्य | ने | म | व | मु |
| १. | म पात्र | + | - | + | - | - | + | - | + | - | + | - | - | + | + | - |
| २. | मोनिका | - | + | + | - | - | + | - | - | + | + | - | - | + | + | - |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३. | श्वेता | - | + | + | - | - | + | - | | - | + | - | - | + | + | - |
| ४. | दिप्ती | - | + | - | + | - | - | + | + | - | + | - | - | + | + | - |
| ५. | अशोक | + | - | - | + | - | + | - | - | + | - | + | - | + | + | - |
| ६. | गोरु गोविन्द | + | - | - | + | - | + | - | - | + | - | + | - | + | ++ | - |

**विस्तृत रूप :**

| **आधार पात्र** | **लिङ्ग** | | **कार्य** | | | **प्रवृत्ति** | | **स्वभाव** | | **जीवन चेतना** | | **आसन्न** | | **आबद्ध** | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | **पु** | **म** | **प्र** | **स** | **ग** | **अ** | **प्र** | **ग** | **स्थि** | **व** | **व्य** | **ने** | **म** | **ब** | **मु** |

*लिङ्गका आधारमा*

पु. = पुलिङ्ग म = स्त्रीलिङ्ग

*कार्यका आधारमा*

प्र = प्रमुख स = सहायक ग = गौण

*प्रवृत्तिका आधारमा*

अ = अनुकूल प्र = प्रतिकूल

*स्वभावका आधारमा*

ग = गतिशील स्थि = स्थिर

*जीवनचेतनाका आधारमा*

व = वर्गीय व्य = व्यक्तिगत

*मञ्चीय आधारमा*

म = मञ्चित ने = नेपथ्य

*आबद्धताका आधारमा*

ब = बद्ध मु = मुक्त

**(१) म पात्र/बोधी**

**पुरुष पात्र** :निर्वाण उपन्यासको 'म' पात्र लिङ्गको आधारमा पुरुष पात्र हो ।

**प्रमुख पात्र** :'म' पात्रको वरिपरी कथानक घुमेको हुनाले 'म' पात्र यस उपन्यासको प्रमुख पात्र हो ।

**गतिशील पात्र**: घरमा पत्तै नदिएर घुम्न निस्किएको र कुनै गाउँमा १४ महिना बसेर त्यहाँबाट पनि अचानक कसैलाई नभनी हिँडेको, पछि अफिस खोलेर काम गर्दै बसेको 'म' पात्र श्वेतालाई भेटेपछि ऊसँगै संसार घुम्न निस्किएको, दुर्घटनामा परेर श्वेतालाई गुमाएको मोनिकासँग भेटेर घर फर्किएको र मोक्ष प्राप्तिको लागि भनेर मोनिकाको गुरुको आश्रममा गएको हुनाले 'म' पात्र गतिशील पात्र हो ।

**अनुकूल पात्र** : उपन्यास भरी 'म' पात्र अनुकूल पात्रको रूपमा प्रस्तुत भएको छ ।

**वर्गीय पात्र** : सामान्य जागिर गरेर जीविका चलाउने मध्यम वर्गीय पात्रको रूपमा रहेको छ ।

**मञ्चीय पात्र** : स्पष्ट रूपमा उपन्यासको सुरुदेखि अन्त्यसम्म देखिने हुँदा यो मञ्चीय पात्र हो ।

**बद्ध पात्र** : यस पात्रको अभावमा उपन्यासको अस्तित्व नरहने भएकोले यो बद्धपात्र हो ।

**(२) मोनिका**

**स्त्री पात्र** :'म' पात्रको साथीको रूपमा आएकी पात्र लिङ्गको रूपमा स्त्री पात्र हो ।

**प्रमुख पात्र** :उपन्यासको सुरुमा देखा परेकी र बिचमा हराएकी र फेरी देखा परेकी, 'म' पात्रको सेरोफेरो भित्रै रहेकी कारण प्रमुख पात्रको रूपमा लिन सकिन्छ ।

**स्थिर पात्र** :सुरुदेखि अन्तिमसम्म नै जीवनको खोजीमा लागेकीले उसलाई स्थिर पात्रको रूपमा हेर्न सकिन्छ ।

**अनुकूल पात्र** :उपन्यासमा कहीँ कतै नकारात्मक भूमिकामा उपस्थित नभएकीले अनुकूल पात्रको रूपमा लिन सकिन्छ ।

**वर्गीय पात्र** : आफ्नो इच्छा अनुसार जीवनयापन गर्न सक्ने इच्छाचाहनालाई पूरा गर्न सक्ने देश-विदेश घुम्न सक्ने उच्च वर्गीय परिवारको प्रतिनिधित्व गरेकी हुनाले उच्च वर्गीय पात्र हो भन्न सकिन्छ ।

**मञ्चीय पात्र** : कथानकको सुरुदेखि अन्त्यसम्म नै प्रसङ्गमा आइरहने हुनाले ऊ मञ्चीय पात्र हो ।

**बद्ध पात्र** : उपन्यासबाट यस पात्रलाई निकालिदिने हो भने उपन्यासको कथावस्तु अधुरो रहन्छ । त्यसकारण ऊ बद्ध पात्र हो ।

**(३) श्वेता**

**स्त्री पात्र** :लिङ्गका आधारमा स्त्री पात्र हो ।

**सहायक पात्र** :उपन्यासको बिचमा आएर, उपन्यासको अन्त्य हुनु अगाडि नै हराएकी पात्र हो । प्रमुख पात्रको प्रेमिकाको रूपमा उपन्यासमा देखा परेकी हुनाले उसलाई सहायक पात्रको रूपमा लिन सकिन्छ ।

**गतिशील पात्र** :गाउँमा घर भएकी, पछि पढेर सहर आई धेरै पैसा कमाएर आमाको हेरचाह गरेकी, 'म' पात्रलाई प्रेम गर्ने तर विवाह गर्न नचाहेकी, आफ्नो देश छाडेर अनिश्चित यात्रामा घुम्न निस्कीएकी, 'म' पात्रलाई पनि विश्वास दिलाएर आफ्नो साथमा लगेकी, घुम्दा घुम्दै समुद्रमा जहाज दुर्घटनामा परि बेपत्ता भएकी पात्रको रूपमा आएकी यो पात्र गतिशील पात्र हो ।

**अनुकूल पात्र** :उपन्यासमा कुनै पनि क्षण नकारात्मक वा प्रतिकूल कार्य नगरेकी हुनाले यस पात्रलाई अनुकूल पात्रको रूपमा लिन सकिन्छ ।

**वर्गीय पात्र** :एउटा सामान्य गरीब परिवारमा जन्मेकी पछि आफ्नो मेहनत र परिश्रमले धेरै पैसा कमाएर सहरमा घर किनेर एउटा स्थापित कलाकार बनेर नाम कमाएकी पछि संसार घुम्न जाने क्रममा आफ्नो सारा सम्पत्ति बेचेर घुम्न निस्किएकी मध्यम वर्गीय मानिसको प्रतिनिधित्व गरेकी हुनाले ऊ मध्यम वर्गीयबाट परिवर्तन भएर उच्च वर्गमा पुग्ने पात्र हो ।

**मञ्चीय पात्र** :उपन्यासको प्रमुख पात्रको प्रेमिका र उपन्यासको कथानकलाई अगाडि बढाउन मद्दत गर्ने र प्रमुख पात्रलाई लक्ष्यसम्म पुऱ्याउन ठूलो भूमिका खेलेको कारण ऊ मञ्चीय पात्र हो ।

**बद्ध पात्र** :यो पात्रलाई उपन्यासबाट हटाउँदा उपन्यासको संरचना बिग्रिने भएको कारण ऊ बद्ध पात्र हो ।

**(४) दिप्ती चन्द**

**स्त्री पात्र** :'म' पात्रलाई नायिकाको खबर पत्ता लगाउने माध्यम वा सूचकको रूपमा आएकी यो पात्र लिङ्गका रूपमा स्त्री पात्र हो ।

**सहायक पात्र** :उपन्यासमा धेरै भूमिका नभएकी तर उपन्यासको नायिका हराएकी र कहाँ छ भनी प्रमुख पात्रको सामु भनेकीले उसलाई सहायक पात्रको रूपमा लिन सकिन्छ ।

**गतिशील पात्र**ः सुरुमा सकारात्मक जस्तो देखिए पनि पछि आफ्नो सोच 'म' पात्रलाई साँच्चै नै मार्दिन मन लागेको भन्छे । फेरी उपचार गर्ने खर्च गर्छु भन्छे । 'म' पात्रलाई आफू नं. एक बनि रहन जे पनि गर्ने भन्छे । ऊ सकारात्मक जस्तो देखिए पनि नकारात्मक भूमिकाको रूपमा आएकीले यो पात्रलाई गतिशील पात्रको रूपमा लिन सकिन्छ ।

**प्रतिकूल पात्र :**प्रमुख पात्र 'म' पात्रलाई कारले हानेर मार्न खोजेकी, पछि भेटेर उसलाई मोनिकाको बारेमा भनेकी आफ्नो व्यवसायमा अगाडि बढ्न जसलाई पनि किन्न खोज्ने र रिस उठेको मानिसलाई मार्न खोज्ने पात्रको रूपमा देखा परेकीले उसलाई प्रतिकूल पात्रको रूपमा लिन सकिन्छ । आफ्नो कम्पनी एक नम्बरमा ल्याउन जस्तोसुकै हदसम्म जान सक्ने यो पात्र प्रतिकूल पात्र हो ।

**वर्गीय पात्र** :उपन्यासमा एउटी शिक्षित सफल पात्र हो । ऊ दिप्नी इन्टरनेशनल एयरवेजकी म्यानेजिङ्ग डाइरेक्टर थिइ । ऊ विश्वकै धनी युवतीहरूको सूचीमा परेकी पात्र हो । ऊ उपन्यासमा उच्च वर्गको प्रतिनिधित्व गर्ने पात्र हो ।

***मञ्चीय पात्र*** :उपन्यासमा नाटकीय रूप प्रस्तुत गर्ने प्रमुख पात्र हो । उसले उपन्यासमा रोचकता थपेकीले ऊ उपन्यासको मञ्चीय पात्र हो ।

***बद्ध पात्र*** :उपन्यासको बिचबाट उसको प्रवेश भएपछि उपन्यासमा एउटा महत्त्वपूर्ण भूमिका निर्वाह गरेकीले र उपन्यासबाट यस पात्रलाई झिक्ने हो भने उपन्यासको संरचना बिग्रिने भएको हुनाले ऊ उपन्यासको बद्ध पात्र हो ।

**(५) अशोक दवाडी**

**पुरुष पात्र** :उपन्यासको सहनायिका श्वेताको बाबुको भूमिकामा देखिएका यी पात्र पुरुष पात्र हुन् ।

***गौण पात्र*** :उपन्यासमा धेरै भूमिका नभएका र उपन्यासको बिचमा देखा परेर बिचैमा हराउने यी पात्र गौण पात्रको रूपमा आएको छ ।

***स्थिर पात्र*** :उपन्यास भित्र थोरै भूमिका भए पनि, अ महत्त्वपूर्ण भूमिका छ । उनको स्वभावमा परिवर्तन नदेखिएको हुनाले उनलाई स्थिर पात्रको रूपमा लिन सकिन्छ ।

***अनुकूल पात्र*** :उपन्यासमा स्कुलको व्यवस्थापकको भूमिका निभाएका सकारात्मक सोच र विचार भएका यी पात्र अनुकूल पात्रको रूपमा देखा परेका छन् ।

***वर्गीय पात्र*** :एउटा शिक्षित व्यक्ति, असल व्यवस्थापक शिक्षाको ज्योती बाल्न चाहने, गाउँमा राम्रो स्कुल स्थापना गरी शिक्षालाई अगाडि बढाउन चाहने व्यक्ति मध्यम वर्गीय पात्रको रूपमा देखा परेका छन् ।

***मञ्चीय पात्र*** :उपन्यासलाई एउटा अर्को मोडमा पुऱ्याएका यी पात्रको छोटो भूमिका भए पनि मञ्चीय पात्र हुन् । उपन्यासको प्रमुख पात्रलाई भेट गराउन यिनको ठूलो भूमिका रहेको छ । यिनलाई उपन्यासबाट हटायो भने उपन्यास अधूरो हुन्छ । त्यसकारण यी पात्र मञ्चीय पात्र हुन् ।

***बद्ध पात्र*** :उपन्यासको मध्य भागबाट देखा परे पनि उपन्यासबाट यस पात्रलाई निकालिदिने हो भने उपन्यासको संरचना नै बिग्रिने भएको हुनाले ऊ बद्ध पात्र हो ।

**(६) गुरु गोविन्द**

**पुरुष पात्र** :मोनिकालाई ज्ञान दिने गुरु गोविन्द पुरुष पात्र हुन् ।

**सहायक पात्र** :उपन्यासमा धेरै भूमिका नभएका तर उपन्यासको मूल सन्देश वा भावलाई व्यक्त गर्ने पात्र भएकाले यिनी उपन्यासका सहायक पात्र हुन् ।

**स्थिर पात्र** :उपन्यासमा थोरै भूमिका भए पनि अत्यन्त महत्त्वपूर्ण भूमिका निभाएका यी पात्रमा कुनै परिवर्तन नआएको हुनाले यिनलाई स्थिर पात्रको रूपमा लिन सकिन्छ ।

**व्यक्तिगत पात्र**:जीवन ज्ञान बाँडेर बसेका यी पात्र समाजभन्दा टाढा रहेर जीवनलाई कसरी निर्वाणसम्म पुऱ्याउने भन्ने सन्देश दिँदै भड्कीएका मान्छेलाई हाम्रो जीवनको अन्तिम प्राप्ति निर्वाण हो भनेर बुझाउने यी पात्र चेतनशील वर्गको पात्रको रूपमा आएका छन् ।

**अनुकूल पात्र** :उपन्यासको मूल सन्देश व्यक्त गर्ने सबैको हित चाहने हुँदा अनुकूल पात्र ।

**मञ्चीय पात्र** :उपन्यासमा उत्कृष्ट भूमिका निभाएका यी पात्रले उपन्यासको मुल भावलाई प्रस्तुत गरेकाले यी पात्र मञ्चीय पात्र हुन् ।

**बद्ध पात्र** :उपन्यासको अन्त्य भागतिरबाट प्रवेश गरी उपन्यासको सन्देशलाई प्रस्तुत गरेका यी पात्रलाई उपन्यासबाट निकाल्ने हो भने उपन्यासको संचरना विग्रिने हुनाले ऊ बद्ध पात्र हो ।

## ४.३ **निष्कर्ष**

निर्वाण उपन्यासमा तिसभन्दा बढी पात्रहरूको प्रयोग भएको छ । यस उपन्यासको नायक 'म' पात्र लिङ्गका आधारमा पुरुष र कार्यका दृष्टिले प्रमुख पात्र हो । यो गतिशील, मञ्चीय बद्ध पात्र हो । यो पात्र पढेलेखेको मनोपरामर्श दाता हो । त्यसैले ऊ शिक्षित व्यक्ति हो ।

त्यसैगरी मोनिका एउटी शिक्षित परिवारकी छोरी हो । ऊ उपन्यासमा अनुकूल रूपमा प्रस्तुत भएकी छे । ऊ यस उपन्यासकी प्रमुख पात्र, नायिका, मञ्चीय, बद्ध, स्थिर पात्र हो ।

श्वेता यस उपन्यासकी सहनायिका हो । उपन्यासमा उसको पनि प्रमुख भूमिका रहेको छ ।

यसैगरी दिप्ती यस उपन्यासकी सहायक पात्र हो । ऊ उच्च वर्गको प्रतिनिधित्व गर्ने पात्रको रूपमा देखा पर्छे । ऊ विश्वको धनी महिलाको सूचीमा परेकी धनाढ्य परिवारकी सक्षम महिलाको रूपमा देखा परेकी छे ।

अशोक दवाडी उपन्यासका सहायक, अनुकूल पात्र हुन् ।

गुरु गोविन्द उपन्यासका अनुकूल पात्र, स्थिर पात्रको रूपमा देखा परेका छन् ।

अन्य पात्रहरूमा जरिन, अरिना, 'म' पात्रको बहिनी, आमा, बुबा, उनीहरूको पाहुना । श्वेताको आमा, श्वेताका साथीहरू, स्कुलका सर, मीस, गाउँलेहरू, सुन्दा बाबु आदि । 'म' पात्रको अफिसमा आउने मनोरोगीहरू, मोनिकाको साथीहरू, दिप्तीको अफिसका कर्मचारीहरू, गुरु गोविन्दका आश्रमका मान्छेहरू, ध्यान गर्ने साधकहरू यी सबै पात्रहरू उपन्यासमा गौण पात्रका रूपमा देखा परेका छन् ।

# अध्याय पाँच

# निर्वाण उपन्यासको भाषिक विश्लेषण

## ५.१ परिचय

आख्यानलाई रोचक र स्तरीय बनाउन कृति लेखकको सिपको आवश्यकता पर्दछ । कृतिकारले आफ्नो कृतिलाई उत्कष्ट बनाउन के कस्ता शब्दहरू चयन गर्ने भन्ने खुबी राख्नु पर्दछ । जस्तो शब्द वा वाक्यको आवश्यकता हुन्छ त्यस्तै वाक्य, शब्द आदिको छनौट गर्नाले कृति उत्कृष्ट बन्न जान्छ । यस्तै कृतिलाई उखान टुक्का, व्याकरणिक, अर्थतात्विक विचलन, कोशीय विचलन जस्ता विचलनका माध्यमले सुमधुरता र मिठासपूर्ण भाषिक कला निर्माण हुने भएकाले कृतिको सौन्दर्य बढ्न जान्छ । यस्तै कृतिमा शब्द वा वाक्य अथवा तिनको पुनरावृत्तिबाट अझै सौन्दर्य बढाउने गर्दछ । यिनीहरू बाह्य र आन्तरिक समानान्तरताका नामले चिनिन्छ । यस अध्ययनमा विवेच्य उपन्यास 'निर्वाण'मा प्रयोग भएका शब्द, वाक्य र तिनको अभिव्यक्तिलाई चयन, विचलन र समानान्तरताका आधारमा विश्लेषण गरिएको छ ।

## ५.२ चयन

भाषामा रहेको विविधतामध्ये कुनै एकको छनौट गर्नुलाई चयन भनिन्छ । यस्ता भाषिक चयन प्रस्तुत उपन्यासमा निम्न प्रकारका छन् ।

### ५.२.१ तत्सम शब्द चयन

यस 'निर्वाण' उपन्यासमा संस्कृत भाषाबाट जस्ताको तस्तै आएका तत्सम शब्दहरूको प्रयोग भएको छ । जसमध्ये केही उदाहरण निम्न रहेका छन् ।

ऊ उस्तै **उद्विग्न** थिई । पृष्ठ - १

उसको एउटा अशान्त **ध्वनि** तरङ्ग मेरो कानसम्म ठोक्कियो । पृष्ठ - २

**अहम्** ले त्यतिबेला मलाई हानुँला जस्तो गऱ्यो । पृष्ठ - ४

**अमृत** रस ! उसले **कटाक्ष** गरी । पृष्ठ- ४

ऊ **धन्यवाद** भने जसरी फिस्स हाँसिदिई । पृष्ठ - ५

स्वाद नमीठो भए पनि त्यस **क्षण** मलाई रमाइलो लाग्यो । पृष्ठ- ६

कहाँबाट चलेको यो **नियम** हो, मलाई थाहा छैन । पृष्ठ - ७६

**धर्म** र **अध्यात्म**को नाम दिए पनि यो एक विशुद्ध र मनोवैज्ञानिक पद्धति नै हो । पृष्ठ - ८५

**मूल** ढोका घुरुक्क उघ्रियो । पृष्ठ - १०७

उपलब्ध दुई **पुस्तक** बोकेर म हिँडे । पृष्ठ - १५६

## ५.२.२ तद्भव शब्द चयन

मूल शब्द संस्कृत भए पनि प्रयोगका सन्दर्भमा परिवर्तित भई नेपालीकृत भएका शब्दहरू तद्भव शब्दहरू हुन् । जस्तै– आवाज किताब, आँखा, हात, बल, शिक्षा, घर आदि । यस्ता शब्दको चयन र छनौट नै तद्भव शब्द चयन हो ।

मेरो **आँखा** झटपट उसका खुट्टातिर जाने नै थिएनन् । पृष्ठ- १३

**हावा**मा सिमलको भुवा उडेको मलाई बडो रमाइलो लाग्छ । पृष्ठ- ५३

अनि ओठबाट एउटा स्नेहपूर्ण **आवाज** फुत्कियो 'श्वेता' । पृष्ठ - ६०

अनि आफैँले भेट्न कुराउने **मान्छे**कोमा जान छाडेर उसका लागि म समय निकाल्ने पनि थिइनँ । पृष्ठ- ६१

त्यो मौका आज **पाखुरा**मा लागेको चोटले सजिलै दिलाइरहेको थियो । पृष्ठ- ७०

**एक** दिन मोबाइल भएन भने धेरै ठूलो **चिज** गुमाए जस्तो हुँदो हरेछ । पृष्ठ - ८८

मानौ, अब **जिन्दगी** पूर्ण रूपमा आफ्नो भएको छ । पृष्ठ - ११५

अनि भनी, अल्केमी जान्छौ कि **घर** ? पृष्ठ- १५१

त्यसपछि ऊ **चुप** लागी । पृष्ठ - २३१

### ५.२.३ आगन्तुक शब्द चयन

संस्कृत स्रोत भन्दा बाहिर अन्य भाषाबाट नेपालीमा आई प्रयोग भएका शब्दहरूलाई आगन्तुक शब्द भनिन्छ । जस्तै ट्याक्सी, रिजल्ट, क्लाइन्ट, थेरापी, स्टाइल आदि शब्दको छनोट कार्यलाई आगन्तुक शब्द चयनद भनिन्छ ।

हामी एउटा **रेटुरेन्ट**मा छिर्‍यौं । पृष्ठ - २

अनि भनि **ह्याप्पी वर्थ डे टु मी** । पृष्ठ - ६

**ट्याक्सी** पक्रो र घर आए ! पृष्ठ - १५

उता मेरो **रिजल्ट** भई सक्यो होला । पृष्ठ - ९९

कतिपय **क्लाइन्ट** आफूलाई वास्तविक रूपमा चिनाउन चाहँदैनन् । पृष्ठ - ११९

**हेलिकप्टर** धेरै माथि र सहरभन्दा पर पुगि सकेको थियो । पृष्ठ - १३६

**इट्स भेरी गुड फर हेल्थ** उसले भनी । पृष्ठ - १४१

यसले गर्दा **युनिभर्सिटी**लाई पनि फाइदा पुग्ने । पृष्ठ - १६४

**अन** टेलिभिजन !  उसले भनी । पृष्ठ - २२७

अन्तिम **स्टाटस** थियो, "जीवनमा सबै कुरा सांयोगिक छन् । पृष्ठ - ३०

### ५.२.४ झर्रा र अनुकरणात्मक शब्द चयन

आफ्नै स्थान र परिवेशसँग मेल खाने र निश्चित अर्थ प्रदान गर्ने शब्दहरू झर्रा शब्दहरू हुन् । कुनै घटना वा अवस्थाको ध्वन्यात्मक नक्कल गरिएको शब्द अनुकरणात्मक शब्द हो । यस्ता शब्दहरूको छनोट कार्यलाई झर्रा वा अनुकरणात्मक शब्द चयन भनिन्छ ।

मैले **घ्वाम्लाङ्ग** अँगालो हालो ।  पृष्ठ - २३७

म त्यसरी **क्वाा क्वाा ती** रुन थालेको देखेर उहाँ एक क्षण चकित पर्नु भयो । पृष्ठ - २३७

मैले एकफेर उसलाई **पुलुक्क** हेरिदिएँ । पृष्ठ - १४

पृष्ठभूमिमा मोटको **घार्रघुर्र** यतिखेर नसुनिएको जस्तो थियो । पृष्ठ - १७

ऊ **झ्वाम्ल्याङ्ग** हाम फाली । पृष्ठ - १०५

झ्याल छेउको कुनामा राख्दै उले थपी **जम्याङ-मम्याङ** गर्ने सङ्केत पाउने वित्तिकै म त ममीलाई भनिदिन्छ । पृष्ठ - ८७

सुतिरहेकी होली **झ्वासझ्वास्ती** जाने हिम्मत आएन । पृष्ठ - २०

म विस्तारामा **पल्टीपल्टी** यी सब कुरा सोचिरहेको थिएँ । पृष्ठ -८५

## ५.२.५ नाम पदको चयन

कुनै व्यक्ति, वस्तु, ठाउँ, जाति, द्रव्य, स्थान र भाव बुझाउने शब्दहरू नाम पद हुन् । नाम साधारण र आलङ्कारिक गरी फरक फरक किसिमका हुन्छन् । नाम पदको छनोट कार्यलाई नाम पदको चयन भनिन्छ । जस्तै घर, मोनिका, नुन, प्रेम, पानी आदि ।

**मोनु घर** मा को छ भन्नलाई सोध्ने बान्कीको एउटा सम्बोधन मबाट फुत्कियो । पृष्ठ-२०

**दही, भोगटे** र **नुन** एउटा सानो भुमरी जस्तो आकृति बन्यो बट्टामा । पृष्ठ-१०३

**हृदय श्वेता**को पछिपछि **पुतली** समात्ने निहुँ गरेर कुद्न चाहन्थ्यो । पृष्ठ-१०५

यतिखेर मलाई **गाउा**मा खोजिरहेका होलान् । पृष्ठ-१११

**पैसा**को तेजले जे पनि गर्न सक्छु जस्तो लाग्छ ? पृष्ठ- १३२

म एयरपोर्टबाट सिधै **घर** जाँदै थिएँ । पृष्ठ- १४२

विश्व खाद्य कार्यक्रमले बाँड्ने **चामल**को भर परेर झण्डै एक वर्षै बिताउनु परेछ । पृष्ठ- १६२

न यो **पानी**कै कुनै अन्त थियो । पृष्ठ- २०१

मेरो **खुसी**को सिमाना रहेन । पृष्ठ-२०४

### ५.२.६ सर्वनामको चयन

नामको सट्टामा प्रयोग हुने शब्दलाई सर्वनाम भनिन्छ । नामको बारम्वारको पुनरावृत्तिले वाक्यमा खल्लोपना ल्याउने भएकाले मिठास र आकर्षणका निम्ति सर्वनामको प्रयोग गरिन्छ । सर्वनामको यथोचित छनोटलाई सर्वनामको चयन भनिन्छ ।

**तिमी** वाइन त लिन्छौ होला नि ? पृष्ठ- ३

सुनेर **म** अवाक भएँ । पृष्ठ- ६

**ऊ** मुस्कुराई । पृष्ठ- ९

**हामी** सुनसान सडकमा कुदि रहेका थियौं । पृष्ठ- १३३

यो **म** केवल सिद्धान्तका तहमा मात्रै जान्दछु । पृष्ठ- ८५

आँप गुलियो छ भन्नु र **त्यो** खाएरै अनुभव गर्नु फरक फरक कुरा हुन् । पृष्ठ- ८५

**यो** एक विशिष्ट ढाँचाको **स्पा** हो । पृष्ठ- १२२

**मलाई** सरसर्ती नियाली । पृष्ठ- १४२

दुर्घटना पछि **मलाई** एकदम डर लागेको थियो । पृष्ठ- १४३

### ५.२.७ विशेषण पदको चयन

कुनै व्यक्ति, वस्तु वा स्थानको गुण, दोष, मात्रा, अवस्था आदि बुझाउन प्रयोग हुने शब्दलाई विशेषण भनिन्छ । विशेषण पदको छनोट नै विशेषण पदको चयन हो ।

**त्यो** युवती आइपुगी । पृष्ठ- ९

**गोरो** अनुहारकी एउटी युवती भित्र पसी । पृष्ठ- ४८

भयो के भने, प्लस टु सकेपछि फुर्सदका दिनहरू **धेरै** भए । पृष्ठ- ५३

मैले सम्भ्केसम्म जम्माजम्मी **तीन** पटक कफी बनाएको रहेछु । पृष्ठ- ६२

श्वेताले **ठुला** आँखा पारेर पुलुक्क मतिर हेरी । पृष्ठ- ६३

कफीको स्वाद त उस्तै रहेछ, **मिठो** । पृष्ठ-६२

मैले **लामो** सास तानो । पृष्ठ- ६९

मलाई भ्कनक्क **रिस** उठ्यो । पृष्ठ- ६९

अब **कति** समय बस्ने गाउँमा ? पृष्ठ- ९५

भ्कोलाबाट टिफिन बक्सजस्तो एउटा **निलो** डब्बा भ्किकी श्वेताले । पृष्ठ- १०२

## ५.२.८ क्रियापदको चयन

कर्ताले गरेको कार्य व्यापार बुभ्काउने पदलाई क्रियापद भनिन्छ । क्रियाबाट वाक्यात्मक संरचनाले पूर्णता पाउँछ ।

स्वाद नमीठो भए पनि त्यस क्षण मलाई रमाइलो **लाग्यो** । पृष्ठ- ६

उसले एउटा लामो सास तानी, म भन्न सक्दिन, जीवन यस्तै हो कि, यसमा अरु पनि केही **छ** । पृष्ठ- ७

रेस्टुरेन्टकी युवती हामीतिर **आई** । पृष्ठ- ११

ढोका ढकढक **पारी** । पृष्ठ- ७५

साथीहरूले पढाई सुरु गरिसके **होलान्** । पृष्ठ- ९९

म चाहिँ निसास्सिसकेको **थिए** । पृष्ठ- ११५

मेरो जीउमा तातोपानी खन्याए जस्तै **भयो** । पृष्ठ- १४५

भोलिपल्ट गाउँमा पहिरो **गयो** । पृष्ठ- १६०

भोलिपल्ट मैले मोनिकालाई **सोधेँ** । पृष्ठ-२७६

## ५.२.९ क्रियाविशेषण पदको चयन

उपन्यासमा प्रयुक्त क्रिया विशेषणका केही उदाहरणहरू यस प्रकारका छन् ।

**धेरै** रोयो भने पनि यस्तो हुन्छ । पृष्ठ- १

ए ! **आज** उसको जन्म दिन ! यो जन्म दिनको उत्सव ! यो संसारमा म मात्रै उसको एक्लो पाहुना ! जाँचमा नपढेको पाठको प्रश्न देखेर जिल्लिएको केटो जस्तो म वाल्ल परेँ । पृष्ठ- ६

त्यसको **भोलि** पल्टै लेखिएको अर्को स्टाटस यस्तो थियो, "साँझ हुन्छ, बिहान हुन्छ, यसरी नै जीवन चिहान हुन्छ ।" पृष्ठ- ३१

**बेलुका** चार नबजी मलाई फुर्सद हुनेवाला थिएन । पृष्ठ- ४६

एकदम सही ! **पछाडि**बाट कुनै युवतीले सही थपी । पृष्ठ- ७२

म **पछि** गएर लिन्छु । पृष्ठ- ७७

पढाउन भन्दा ज्यादा जोड तिनलाई **पढ्न** उक्साउनुमा हुन्थ्यो मेरो । पृष्ठ- ९३

**पछाडि** कोही आए जस्तो लाग्यो । पृष्ठ- १००

**तल** खोला थियो । पृष्ठ- १०५

माथि गाढा अक्षरमा लेखिएका शब्दहरू क्रियाविशेषणका उदाहरण हुन् । क्रियाको गुण, परिमाण, रीति, आदिद्वारा क्रियाको विशेषण बुझाउने शब्दलाई क्रिया विशेषण भनिन्छ । उपयुक्त गाढा अक्षर यस उपन्यासमा प्रयुक्त क्रिया विशेषणका उदाहरण हुन् । उपन्यासमा छनोट भएका क्रिया विशेषणले यस उपन्यासलाई सफल रूपमा अगाडि बढाउने काम गरेको छ ।

## ५.२.१० निपातको चयन

वाक्यमा रहेको भाव वा मिठास प्रदान गर्न र वाक्यमा रसिलोपना ल्याउन प्रयोग गरिने अक्षर वा पद निपात हो ।

त्यो आफैँ ठीक भइहाल्छ **नि** ! पृष्ठ- ३

बुबा खोइ **त** ? पृष्ठ- १६१

व्यवस्थापन समितिको अध्यक्षले मास्टर खोज्ने जिम्मेवारी पूरा गर्न नसके झोक्र्याउनु पर्थ्यो **नै** । पृष्ठ- १६१

भनी **ल** अब आफैँ खाइस्यो र यो खुवाउनाको कारण पनि पत्ता लाइस्यो । पृष्ठ- ७३

हरेक वर्ष ऊ यो दिन कुरेर बसेकी हुन्छे **क्यार** । पृष्ठ- ७६

भन **न** ! उसले परेला उचाली । पृष्ठ- १०

यस्तो विचार **पो** कसरी होला । पृष्ठ- १६

उहाँ **त** हुनुहुन्न । पृष्ठ- २८

मोबाइल अफ **नै** थियो । पृष्ठ - २८

## ५.२.११ प्रतीकात्मक वा सङ्केतात्मक शब्दको चयन

कुनै पनि भनाइलाई सोझो र मूर्त रूपबाट बताउनको सट्टा प्रतीक वा संकेतको प्रयोग गरेर बताउनु प्रतीक प्रयोग गर्ने हो । विशेषतः प्रतीकात्मक प्रयोगबाट व्यञ्जनात्मक अर्थ प्रकट हुन्छ । प्रतीकात्मक प्रयोगबाट वाक्यमा मिठासपन आउँछ ।

**बाढीले पखालेको पाखो जस्तो** थियो अनुहार । पृष्ठ - १

यस्तो मोहक साँझमा उसको अनुहारचाहिँ किन **ओइलाएको गुलाब जस्तो** ? पृष्ठ - २

अनुहारमा **कफी भन्दा तीतो भाव** पोतिएको थियो । पृष्ठ - ३

कहिले **आकाश जत्तिकै खुलस्त लाग्छे कहिले बादलको आकार जत्तिकै अमूर्त** पृष्ठ - ५

उसको हात एकदम नरम थियो **सिमलको भुवा जस्तो** । पृष्ठ - १३

झर्न बाँकी चाहिँ असिनाको चोट बिर्सिएर **घाममा मस्तले झुले जस्ता** भएका थिए । पृष्ठ -१००

मेरो जिउमा **तातो पानी खन्याए जस्तै** भयो । पृष्ठ - १४५

शोभिताको आवाज **मह घोलिए जस्तो** थियो । पृष्ठ - २४८

## ५.२.१२ वाक्य चयन

सबैभन्दा माथिल्लो भाषिक एकाई वाक्य हो । संरचनाका आधारमा वाक्य सरल र जटिल गरी दुई प्रकारका हुन्छन् । जटिल वाक्यलाई पनि मिश्र र संयुक्त गरी दुई भागमा बाँड्न सकिन्छ । भावलाई निश्चितता प्रदान गर्ने आधारमा निश्चयार्थ भावलाई निश्चितता प्रदान गर्ने आधारमा अनिश्चयार्थ गरी भावगत आधारमा पनि दुई प्रकारका वाक्य हुन्छन् । लेखकले आफ्नो विचार प्रष्ट्याउने क्रममा एक शब्दको वाक्य देखि लिएर धेरै लामा लामा वाक्यहरू पनि प्रयोग गरेको पाइन्छ ।

के ? पृष्ठ- ४

उसले भनी– पृष्ठ- ५

किनभने अखबारै भेटिएन । पृष्ठ- ९३

पोट्रेट हेरेँ । पृष्ठ- १२८

मैले सङ्क्षिप्त उत्तर दिएँ, गाडीले हान्यो- पृष्ठ- ७१

खोलाको किनारै किनार, उकालो लागेको बाट आएको सम्झना मनभरी खेलाउँदै म ओरालो झर्न थालो । पृष्ठ- १०९

हार मान्दैन र विश्राम गर्दैन । पृष्ठ- १६३

### ५.२.१३ बिन्दु चिह्नको प्रयोग

लामा लामा वाक्यलाई छोट्याई पछिका कुरालाई  बुझाउन बिन्दुको प्रयोग गर्ने चलन छ । यसको प्रयोगले अनावश्यक लामा लामा वाक्य पढ्नु पर्ने झन्झटबाट छुटकारा मिल्दछ । उपन्यासमा यसको लागि मात्र नभई उच्चारणका क्रममा आएको रोकावटलाई पनि सङ्केत गर्न प्रयोग गरिन्छ ।

जे सुकै भन, मलाई त संसार बाँच्न लायक कहिल्यै लागेन, उसले ग्लासमा बाँकी वाइन एकै पटक रित्ताई, मलाई तिमीले अहिले खुसी देख्यौ, के थाहा, भित्रभित्र म रोइराख्या पो छुकि, दुःखी राख्या पो छु कि ! पृष्ठ- ९

म हाँसे र कुरा तर्काएँ, बहिनी कता गई ? पृष्ठ- ३६

जरिन आवश्यकता भन्दा बढी डराइरहेको थियो । पृष्ठ- ७०

‘नाइस टु सी यु हेयर’, उसले भनी, ‘लेट्स् ह्या अ कफी एज ए कम्पनसेसन ।’ पृष्ठ- १३२

‘श्वेता !’  मैले भनें । पृष्ठ- १६९

### ५.२.१४ प्रश्न चिह्नको प्रयोग

कसैसँग आफ्नो जिज्ञासा प्रकट गर्ने क्रममा प्रश्न चिह्नको प्रयोग गरिन्छ । संवादका क्रममा विभिन्न किसिमका प्रश्नात्मक वाक्यहरू प्रयोग गरिन्छन् ।

कालो कि सेतो ? पृष्ठ- २

किन फिका लाग्छन् अचेल साँझहरू ? पृष्ठ- ३३

अलिक सतर्क हुँदै मैले सोधे के भयो ? पृष्ठ - ७४

के बित्या होला घरमा ? पृष्ठ- १११

त्यो भयो भने के हुन सक्छ ? पृष्ठ- १३४

को साथी ? पृष्ठ- १७३

खोइ अहिले कहाँ छिन् ? पृष्ठ- १८६

त्यो के थियो ? पृष्ठ- १२६

तर कहाँ ? पृष्ठ- २४६

### ५.२.१५ विस्मयबोधक चिह्नको प्रयोग

मानिसका मनमा भएका हर्ष, विस्मात दुःख आश्चर्य, घृणा जस्ता संवेदनात्मक व्यवहारलाई स्पष्ट पार्न प्रयोग गरिने चिह्न विस्मयबोधक चिह्न हो । यस्ता चिह्नले व्यक्तिका मनोदशाहरूको उद्घाटनमा महत्त्वपूर्ण भूमिका खेल्दछन् ।

अनि भने, वाह ! तिम्रो कफी बनाउने कलालाई ह्याट्स अफ ! पृष्ठ- २२

अनौठो हगि ! जन्मदिनको रातमा मरेको सपना देख्नुको के अर्थ होला हँ ? पृष्ठ- २३

ओके सर खबर पाऊँ सी यु ! जरिनले फोन राख्यो । पृष्ठ- ४६

के चिन्ता गरि रहनु ! पृष्ठ-११८

हो ! भनेँ मैले । पृष्ठ- ११९

अहो ! कस्तो स्वप्नवत यो संसार । पृष्ठ- २८६

हेलो ! हेल्प, प्लिज हेल्प ! म कराएँ । पृष्ठ- २०४

मैले भने, सुन्दर ! पृष्ठ- २५२

माथिका उदाहरणमा विस्मयको भाव प्रष्ट भएको छ । यसैगरी उपन्यासमा अन्य चिह्नहरू पूर्ण विराम ( । ) अल्पविराम ( , ) जस्ता आदि विभिन्न चिह्नहरूको प्रशस्त प्रयोग भएको छ । निष्कर्षमा भन्नु पर्दा एउटा कृति पुरा हुन जसरी विविध सङ्केत वा चिह्नको प्रयोग हुन्छ । त्यसको पूर्ण पालना उपन्यासमा भएको पाइन्छ ।

## ५.३ विचलनको प्रयोग

यस 'निर्वाण' उपन्यासमा प्रयोग भएका भाषिक विचलनलाई निम्नानुसार देखाउन सकिन्छ ।

### ५.३.१ कोशीय विचलन

नाई **पैले** तिमी ! म बिनाकाम जिद्दी गरिरहेको थिएँ । पृष्ठ- ५

अँ ! बेवास्तासँग मैले भने अब **जाम्** । पृष्ठ- १०६

मलाई लाग्यो, हजुर हाम्रो **देउतै** हो । पृष्ठ- १६२

केक माथि मैन ठड्याउँदै मैले सोधो, कतिवटा **गाड्डा** ? पृष्ठ- ९

यही गल्लीको पल्लो **कुनो** उसले हात समाती आइपुग्नै लाग्यो । पृष्ठ- १२

माथि उल्लेखित गाढा अक्षरमा लेखिएका शब्दहरू मानक र प्रचलित रूपभन्दा भिन्न किसिमबाट आएका छन् । ती शब्द कोशीय विचलनका उदाहरण हुन् । पहिले हुनुपर्नेमा पैले, जाऊ हुनु पर्नेमा जाम्, देवता हुनुपर्नेमा देउतै, गाडौं हुनुपर्नेमा गाड्डूँ, जाउला हुनुपर्नेमा जाम्ला, कुना हुनु पर्नेमा कुनो जस्ता शब्दहरूका प्रयोग गर्नु कोशीय विचलन हुन् । यस्ता विचलनको प्रयोगले उपन्यासमा सौन्दर्यता बढाएका छन् ।

### ५.३.२ व्याकरणिक विचलन

के ? पृष्ठ- ४

सानो बालकले भनेको मानेजस्तै गरेँ मैले । पृष्ठ- ५

निराश थकित र हतास मानिसको लाम लाग्थ्यो मेरो ढोका अघिल्तिर । पृष्ठ- ३४

यस्तोमा आफै अस्पताल जानु परेको थियो यसरी । पृष्ठ- ७१

र त्यो पूरा गर्न भनेर ऊ निस्की मलाई दिनभरी आराम गर्नु भन्ने सुझावका साथ । पृष्ठ- ८८

नजाने कहाँ कहाँ खोजी भएन हजुरको । पृष्ठ- १२६

मैले नम्रतापूर्वक नै सोधो यस पटक । पृष्ठ- १४२

माथि उल्लेखित वाक्यहरूमा व्याकरणिक नियमको उल्लङ्घन भएको देखिन्छ । प्रायः वाक्यहरूमा कर्ता + कर्म + क्रियाको सङ्गति पाइँदैन भने कतै कर्ता छैन, कतै कर्म पाइँदैन, कतै एउटै शब्दले वाक्यात्मक कार्य गरेको छ भने कतै कर्ता अन्तिमतिर आएको छ । कतै अपूर्ण वाक्यले पुरा वाक्यात्मक कार्य गरेको छ । कृतिलाई आकर्षक बनाउन यसरी व्याकरणिक विचलन ल्याएर उपन्यासकारले आफ्नो खुबी प्रस्तुत गरेको देखिन्छ ।

### ५.३.३ अर्थतात्त्विक विचलन

बाढीले पखालेको पाखोजस्तो थियो अनुहार । पृष्ठ- १

मलाई लागेको थियो, ऊ भित्रभित्रै चुँडिए जस्ती छ । पृष्ठ- २

उसको हात नरम थियो सिमलको भुवा जस्तो । पृष्ठ- १३

बाहिर निस्कँदा म चँगा थिए । पृष्ठ- २१६

उपर्युक्त उदाहरणले विचलनलाई प्रष्ट पारेका छन् । उपन्यासमा यस्ता उदाहरण अरु पनि छन् । अनुहार बाढीले पखाले जस्तो भन्नु, भत्रिभित्रै चुँडिए जस्तो भन्नु, हात नरम सिमलको भुवा जस्तो भन्नु र चँगा जस्तो शब्दहरूले यहाँ अर्थतात्त्विक विचलन ल्याएको छ । यसरी आर्थी विचलनद्वारा उपन्यासको गहिराइ र विचारलाई उत्कर्षमा पुऱ्याएको पाइन्छ ।

### ५.३.४ ध्वनि प्रक्रियात्मक विचलन

नाई **पैले** तिमी ! पृष्ठ- ५

अँ ! बेवास्तासँग मैले भने अब **जाम्** । पृष्ठ- १०६

मलाई लाग्यो, हजुर हाम्रो **देउतै** हो । पृष्ठ- १६२

**जाम्ला** नि त ! ऊ बेपरवाह थिई, तिमीलाई हतार छ ? पृष्ठ- ११

माथि उल्लेखित पैले, जाम्, देउतै, जाम्ला जस्ता शब्दहरू बोलाइमा यस्ता रूपमा आए पनि यिनको लेख्य रूप यही होइनन् । जस्तै पहिले हुनु पर्नेमा पैले, जाऊ हुनु पर्नेमा जाम्, देवता हुनु पर्नेमा देउतै र जाउला हुनु पर्नेमा जाम्ला जस्ता ध्वनि विचलनले उच्चारणलाई सहज बनाएर पाठकलाई श्रुति मधुरता थपी दिएको छ ।

## ५.३.५ भाषिक विचलन

अनि, भनि, हेर, कति ब्लन्टली **बोलिस्सेको** ! पृष्ठ- ८७

आज साँझ **तेरो** फुर्सद के छ ? पृष्ठ- ७७

**तिमीले** के बुझ्यौ ? पृष्ठ- १४९

विमानस्थलमा **उहााहरूसाग** छुट्टिँदा मलाई लाग्यो, अब यो जुनीमा फेरि भेट हुँदैन क्यार । पृष्ठ- १९२

माथि उल्लेखित शब्दहरूले भाषिक विचलनलाई दर्साउँछन् । उच्च, निम्न र अति उच्च आदरका शब्दहरूको प्रयोगले उपन्यासमा सौन्दर्यता बढाई भाषिक विशिष्टता थपेको छ ।

## ५.३.६ प्रयुक्ति विचलन

यस्तो हुन्छ कसैकसैको, मैले सजिलो पारिदिएँ, **साइकिक पावर** भयो भने । पृष्ठ- १३३

अटोमेटिक **गनझौ** मेरो जिब्रो चल्छ । पृष्ठ- १३२

मलाई **जान्ने तातो** लागेर आयो । पृष्ठ- १२५

**मनको तलाउमा पानीको लहर जस्तै उठ्दै, फैलिदै र हराउदै गरेका यस्ता तरंगका**साथ म हिँडिरहे निकै बेर । पृष्ठ- १२६

**समयको धुलो र कीरो** त्यसमा लाग्दो रहेन छ । पृष्ठ- १२८

अब त निद्रा कैयौँ दिनसम्म आउन नसक्ने गरी **मन जागेको** थियो । पृष्ठ- १२९

माथिका गाढा अक्षरमा लेखिएका शब्दले सामान्य नभएर विशिष्ट अर्थ दिएको पाइन्छ । साइकिक पावर, गनभैँ, जान्ने तातो, मनको तलाउ र समयको धूलो र कीरो जस्ता शब्दले आफ्नो सामान्य अर्थलाई छोडी विशिष्ट अर्थ दिइएका छन् । प्रयुक्ति विचलनले उपन्यासको कथ्यलाई सशक्त बनाएको छ ।

## ५.४ समानान्तरता

यस 'निर्वाण' उपन्यासमा समानान्तरताको प्रयोग निम्न प्रकारले भएको छ ।

### (क) बाह्य समानान्तरता

कुनै पनि **भेट** अन्तिम **भेट** हुन सक्छ । पृष्ठ- २४

हावाले जता **लान्छ**, त्यो उतै **जान्छ** । पृष्ठ- ५३

जहाँ हुन् **कहिल्यै** नदेखेका मान्छे **कहिल्यै** नटेकेको माटो । पृष्ठ- ५३

सुरुमा भेटेकी **श्वेतालाई सम्भो**, पछि मैले छाडेर आएकी **श्वेतालाई सम्भो** । पृष्ठ- ८९

माथिको उदाहरणमा वर्ण र शब्दको पुनरावृत्ति भएको छ । पहिलो उदारहणमा भेट, दोस्रोमा न्छ, वर्ण, तेस्रोमा कहिल्यै जस्ता शब्दहरू दोहोरिएर आएका छन् । यसरी दोहोरिएर आएका शब्द र वर्णले उपन्यासको भाषामा सन्तुलन कायम गरेको देखिन्छ ।

### (ख) आन्तरिक समानान्तरता

जीवन फोका जस्तै त हो । पृष्ठ- ४५

धेरै बेर हृदय र मस्तिष्कको घम्साघम्सी परिरह्यो । पृष्ठ- १०५

मान्छे मात्रै होइन, घर नै पुरै विश्रान्तिमा भएजस्तो, एकदम शान्त थियो परिवेश । पृष्ठ- १०८

मौसम एकदम खुलेको देख्दा मनमा नयाँ उत्साहले पालुवा हालेको हुँदो हो, म त्यसै त्यसै उडुँला जस्तो भएको थिएँ । पृष्ठ- ११३

पर, धानचुली हिम टाकुराहरू खुलेका थिए, मन पनि खुलेको थियो  यसैगरी । पृष्ठ- २७३

उसको तातो निःश्वासबाट मेरो मनको एकाग्रता टुटेन । पृष्ठ- २७४

बस् हावामा स्थिर सिमलको भुवाजस्तो भएको थियो मन, एकदम शान्त र अविचल । पृष्ठ- २७४

माथिका उदाहरण 'निर्वाण' उपन्यासका केही आन्तरिक समानान्तरताका उदाहरण हुन् । यी आन्तरिक समानान्तरताले उपन्यासको भावलाई अझ बढी अर्थ प्रदान गर्दै उपन्यासको सौन्दर्यलाई बढाएको छ ।

# अध्याय छ

# उपसंहार

## ६.१ सारांश

'निर्वाण' उपन्यासको शैलीवैज्ञानिक अध्ययन शीर्षक छनोट गरिएको यस शोधपत्रमा नेपाली साहित्य जगत्का वरिष्ठ उपन्यासकार घनश्याम खड्काको कृतिलाई शैलीवैज्ञानिक आधारमा विश्लेषण गरिएको छ ।

यस अध्ययनको क्रममा अध्याय एकमा विषय परिचयअन्तर्गत सामान्य रूपमा शैलीविज्ञानको परिचय गरिएको छ । साथै उपन्यासकारको परिचय पनि उल्लेख गरिएको छ । समस्या कथनमा समग्र शोधपत्रको मुख्य समस्या अर्थात् शोधपत्र कुन समस्यामा केन्द्रित रहेर गरिएको छ भन्ने कुरालाई खुलाइएको छ । यसैगरी यस अध्यायमा अध्ययनको उद्देश्य अन्तर्गत 'निर्वाण' उपन्यासको शैलीवैज्ञानिक आधारमा वर्गीकरण र भाषिक आधारमा शैलीवैज्ञानिक अध्ययन गरिएको छ । 'निर्वाण' उपन्यासको बारेमा गरिएको पूर्वकार्यको समीक्षा पनि यसै अध्यायमा प्रस्तुत गरिएको छ । यस उपन्यासको शैलीवैज्ञानिक अध्ययनको सान्दर्भिकता वा शोध कार्यको औचित्यलाई पनि यहाँ प्रस्तुत गरिएको छ । त्यस्तै अध्ययनको विधि र प्रक्रियालाई अध्याय एकमा राखिएको छ । यस अध्यायमा शोधपत्रको रूपरेखालाई समेत उल्लेख गरिएको छ ।

अध्याय दुई सैद्धान्तिक खण्ड भएकाले यस अध्यायमा उपन्यासको सिद्धानत र शैलीवैज्ञानिक अध्ययनसँग सम्बन्धित सिद्धान्तको परिचय दिने काम भएको छ । यस अध्यायमा उपन्यासको तत्त्वहरूलाई प्रस्तुत गरिएको छ । त्यस्तै शैलीविज्ञानको सैद्धान्तिक अवधारणा अन्तर्गत शैलीको परिचय र सैद्धान्तिक अवधारण प्रस्तुत गरिएको छ । शैलीविज्ञानको परिचय अन्तर्गत शैलीविज्ञानलाई प्रस्ट पार्न पूर्वीय एवम् पाश्चात्य विद्वाहरूको परिभाषाहरूलाई उल्लेख गरिएको छ । यस अध्यायमा शैलीविज्ञानलाई सामान्य शैलीविज्ञान र साहित्यिक शैलीविज्ञान गरी शैलीविज्ञानका दुई क्षेत्रको चर्चा गर्ने काम भएको छ । यही अध्यायमा उपन्यास विधाको सामान्य परिचय दिई नेपाली उपन्यासको विकास प्रक्रियाको परिचय दिइएको छ ।

अध्याय तीनमा 'निर्वाण' उपन्यासको कथानकको विश्लेषण गरिएको छ । यस अन्तर्गत 'निर्वाण' उपन्यासको शीर्षक विभाजन र कथावस्तु छोटो रूपमा प्रस्तुत गरिएको छ । उपन्यासको तथ्याङ्कगत कथानकको विश्लेषण गरिएको छ ।

अध्याय चारमा उपन्यासको पात्रहरूको वर्गीकरण गरिएको छ । यसमा पात्रहरूलाई विभिन्न आधारमा वर्गीकरण गरी निष्कर्ष प्रस्तुत गरिएको छ ।

अध्याय पाँचमा भाषिक आधारमा 'निर्वाण' उपन्यासको विश्लेषण गरिएको छ । यस अध्यायमा चयन अन्तर्गत तत्सम, तद्भव शब्द चयन, आगन्तुक, झर्रा तथा अनुकरणात्मक शब्दको चयन, नामपद, क्रिया विशेषण, सर्वनाम, विशेषण पद, क्रियापद, निपात, प्रतीकात्मक वा सङ्केतात्मक शब्दको चयन वाक्य विन्दु चिह्न प्रश्न चिह्नको प्रयोग विस्मयादिबोधक चिह्न जस्ता शब्दको चयन गरिएको छ । उपयुक्त चयनको छनोट गर्नाले कृति उत्कृष्ट भएको छ र यस अध्यायमा यी सबै चयनको विश्लेषण गरिएको छ ।

अध्याय छ मा यस शोधको सारांश तथा निष्कर्ष प्रस्तुत गरिएको छ ।

## ६.२ निष्कर्ष

'निर्वाण' उपन्यासको शैलीवैज्ञानिक अध्ययन शीर्षकको प्रस्तुत शोधपत्रमा उद्देश्य अनुसार शैलीविज्ञानका विभिन्न कोणबाट उपन्यासको विश्लेषण गरिएको छ । उपन्यासको कथानकको प्रस्तुति, शैलीवैज्ञानिक आधारमा पात्रहरूको वर्गीकरण, उपन्यासलाई चयन, विचलन र समानान्तरताका आधारमा विश्लेषण गर्दा प्राप्त निष्कर्षलाई निम्नलिखित बुँदामा लिपिबद्ध गर्न सकिन्छ ।

- उपन्यासको कथानक आदि, मध्य र अन्त्यको सिलसिला मिलेको छ ।
- 'निर्वाण' उपन्यास मूलतः प्रेम, आनन्द र सत्यको त्रिवेणी हो ।
- 'निर्वाण' उपन्यासको मूल आधार मनोविज्ञान हो ।
- 'निर्वाण' उपन्यास आध्यात्मिक विषयलाई समेटेर लेखिएको आख्यान हो ।

- 'म' पात्र (बोधी) को सेरोफोरोमा घटेको घटनालाई उपन्यासको आख्यानमा प्रस्तुत गरिएको छ ।
- उपन्यासको संरचना विभिन्न शीर्षक दिएर प्रस्तुत गरिएको छ ।
- 'म' पात्र (बोधी)  उपन्यासको प्रमुख पात्र र कथावाचक हो ।
- उपन्यासमा तीसभन्दा बढी पात्रको प्रयोग भएको छ ।
- यस उपन्यासमा उपस्थित पात्रहरूले आ-आफ्नो भूमिका कुशलताका साथ प्रस्तुत गरेका छन् ।
- पात्र चयनका दृष्टिले 'निर्वाण' उपन्यास सशक्त देखिन्छ ।
- उपन्यासमा शब्द चयन प्रमुख रूपमा रहेको छ । तत्सम, तद्भव, झर्रा, अनुकरणात्मक र आगन्तुक शब्दको चयन गरिएको छ । यस्तो शब्दहरूको चयन उद्देश्यपूर्ण देखिन्छ ।
- वाक्य चयन अन्तर्गत सरल वाक्यको अत्यधिक प्रयोगले उपन्यासको संवादलाई रोचक र सम्प्रेष्य बनाएको छ । यसले उपन्यासलाई सजिव बनाएको छ । त्यसकारण वाक्य चयन उद्देश्यपूर्ण  देखिन्छ ।
- उपन्यासमा लेख्य चिह्नको प्रयोगले मानवीय संवेगहरू हर्ष, विष्मात्, आश्चर्य आदिको भाव व्यक्त गर्न सहयोग गरी आकर्षक बनाएको छ ।
- उपन्यासमा अङ्ग्रेजी भाषाका शब्दहरू धेरै भन्दा धेरै मात्रामा प्रयोग गरिएको छ ।
- उपन्यासमा कोशीय, व्याकरणिक, अर्थतात्विक, भाषिक ध्वनि प्रक्रियात्मक, प्रयुक्ति विचलन जस्ता विचलनको प्रयोग भएको छ ।
- समानान्तरताले 'निर्वाण' उपन्यासको सौन्दर्यलाई ज्यादै बढाएको छ ।
- वर्ण र शब्दको पुनरावृत्तिबाट बाह्य समानान्तरता भएका वाक्यहरूको प्रयोग उपन्यासमा भएको  छ ।
- 'निर्वाण' उपन्यासमा प्रशस्त मात्रामा आन्तरिक समानान्तरताको प्रयोग गरिएको छ ।

## सन्दर्भ सूची


अधिकारी, हेमाङ्गराज (२०६१), "शैलीविज्ञान : पृष्ठभूमि र विश्लेषण प्रक्रिया" सम्प्रेषण, *वार्षिक पत्रिका* अंक १ ।

कान्तिपुर राष्ट्रिय दैनिक (२०७३ जेठ १), 'कोसेली' शनिवारीय परिशिष्टाङ्क ।

कान्तिपुर राष्ट्रिय दैनिक (२०७३ असार १३), 'कफीसँग निर्वाण' ।

कान्तिपुर राष्ट्रिय दैनिक (२०७३ असार २६), 'देवदहका निर्वाण चर्चा' ।

कोइराला, सुमित्रा (२०६८), *अनुराधा* उपन्यासको शैली वैज्ञानिक अध्ययन, स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर, काठमाडौं ।

खड्का, घनश्याम (२०७२), *निर्वाण,* काठमाडौं : अल्केमी पब्लिकेसन ।

*गोरखापत्र* (२०७३ जेठ ८) 'मनोक्रान्तिमा निर्वाण चर्चा' ।

थापा, डी.बी. (२०५६), *तीन घुम्ती उपन्यासको शैलीवैज्ञानिक अध्ययन,* स्नातकोत्तर शोधपत्र, नेपाली विभाग, कीर्तिपुर, काठमाडौं ।

नेपाल, घनश्याम (सन् १९९२), *शैलीविज्ञान,* गान्तोक : आँकुरा प्रकाशन ।

पौडेल, माधवप्रसाद (२०३९), *प्रायोगिक भाषाविज्ञानका प्रमुख आधारहरू,* काठमाडौं : हेरिटेज पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स प्रा.लि. ।

प्रधान, कृष्णचन्द्रसिंह (२०६१), *नेपाली उपन्यास र उपन्यासकार* चोथो संस्करण, ललितपुर : साझा प्रकाशन ।

प्रधान, प्रतापचन्द्र (२०४०), *नेपाली उपन्यास परम्परा र पृष्ठभूमि,* दार्जिलिङ : दिपा प्रकाशन ।

बराल, ऋषिराज (२०५६). *उपन्यासको सौन्दर्यशास्त्र.* ललितपुर : साझा प्रकाशन ।

बराल, कृष्णहरि र नेत्र एटम (२०५८). *उपन्यास-सिद्धान्त र नेपाली उपन्यास.* दो.सं. ललितपुर : साझा प्रकाशन ।

रेग्मी, सनत र अन्य (२०६०), *नेपाली उपन्यास शतवार्षिक,* काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

शर्मा, मोहनराज (२०५५), *समकालीन समालोचना सिद्धान्त र प्रयोग.* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

_______ (२०५९), *शैलीविज्ञान* दोस्रो संस्करण, काठमाडौं : साझा प्रकाशन ।

_______ (२०६६), *आधुनिक तथा उत्तर आधुनिक पाठकमैत्री समालोचना.* काठमाडौः क्वेस्ट पब्लिकेसन .

श्रेष्ठ, दयाराम र मोहनराज शर्मा (२०४५), *नेपाली साहित्यको सङ्क्षिप्त इतिहास,* ललितपुर : साझा प्रकाशन ।

श्रेष्ठ, उमा (२०७४), *'निर्माण उपन्यासको विधापरक अध्ययन,* स्नातकोत्तर शोधपत्र, नेपाली विभाग, पाटन संयुक्त क्याम्पस, त्रि.वि. ।

सुवेदी, धनप्रसाद (२०६७), *'नेपाली उपन्यास दलितको चित्रण',* विशेष अनुसन्धान, काठमाडौं : नेपाल संस्कृत विश्वविद्यालय, अनुसन्धान केन्द्र ।

सुवेदी, धनप्रसाद (२०६८), *नेपाली आञ्चलिक उपन्यासका प्रवृत्ति,* विद्यावारिधि शोधप्रवन्ध मानविकी तथा सामाजिक शास्त्र संकाय त्रि.वि. ।

सुवेदी, राजेन्द्र (२०६४), *नेपाली उपन्यास परम्परा प्रवृत्ति,* ललितपुर : साझा प्रकाशन ।